का.जि.प्र.का.द.नं. १००/०५९/६०

वर्ष १७, अंक ३०१
६ माघ २०७६, सोमबार
20 January 2020, Monday
www.madhyanhadaily.com
पृष्ठ ८ मूल्य रु. ५/-

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

# सभामुखको उम्मेदवार सापकोटा

**अर्जुन लामा हत्याको आरोपित अग्नी सापकोटा प्रतिनिधिसभाको सभामुख बन्ने भएका छन् । नेकपा सचिवालय बैठकले सापकोटालाई सभामुख बनाउने निर्णय गरेको हो ।**



**बीरेन्द्र साह/मध्यान्ह**
काठमाडौं, ५ माघ

अपहरण तथा हत्याको आरोप लागेका नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का नेता अग्नी सापकोटा प्रतिनिधिसभाको सभामुख हुने भएका छन् । नेकपाले सापकोटालाई सभामुखको उम्मेदवार बनाउने निर्णय गरेको छ । द्वन्द्वकालमा काभ्रेका अर्जुन लामाको अपहरण पछि हत्या गरेको आरोपमा सापकोटा माथि सर्वोच्च अदालतमा मुद्दा समेत चलेको थियो । द्वन्द्वकालीन मुद्दा भएको भन्दै उक्त मुद्दा अहिले सत्यनिरुपण तथा मेलमिलाप आयोगमा विचाराधीन रहेको छ ।

आइतबार साँभ बसेको नेकपाको सचिवालय बैठकले स्थायी समिति सदस्यसमेत रहेका सापकोटालाई सभामुखको उम्मेदवार बनाउने निर्णय गरेको महासचिव विष्णु पौडेलले जानकारी दिएका छन् । सभामुखको उम्मेदवार कसलाई बनाउने भन्ने विषयमा अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'बीच आइतबार बिहान पनि करिब दुई घण्टा छलफल भएको थियो । उक्त छलफलपछि पूर्व माओवादी समूहबाट सापकोटालाई सभामुख बनाउन प्रधानमन्त्री एवं अध्यक्ष ओली सहमत भएपछि सचिवालय बैठक बोलाइएको थियो ।

प्रधानमन्त्री ओलीले संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङलाई र दाहालले सापकोटालाई सभामुख बनाउने अडान लिएका थिए । दुवै अध्यक्ष आ-आफ्ना अडानबाट पछाडि नहटेपछि प्रतिनिधिसभा एक महिना देखि बन्धक बनेको थियो । नेकपाले सभामुखको उम्मेदवार चयन गर्न नसक्दा पुस ४ गते बोलाइएको प्रतिनिधिसभाको हिउँदे अधिवेशन पहिलो बैठकपछि तीनपटक सूचना टाँसेर स्थगित भएको छ । सभामुखमा उपसभामुख शिवमाया तुम्बाहाङ्फेको पनि दाबी थियो । सभामुख कृष्णबहादुर महराले संसद् सचिवालयमा कार्यरत महिला कर्मचारीमाथि यौन दुर्व्यवहारको आरोप लागेपछि असोज १४ गते राजीनामा दिएका बाँकी पृष्ठ २ मा

## ४१ वर्षे यात्रा

साविकको सिन्धुपाल्चोक क्षेत्र नम्बर २ बाट संविधानसभामा दुई पटक विजयी सापकोटा पछिल्लो ०७४ को निर्वाचनमा क्षेत्र नम्बर १ बाट विजयी भएर हाल प्रतिनिधसभाका सांसद छन् । सिन्धुपाल्चोक जिल्ला चौतारा ६ कुविण्डेमा ०१४ साल फागुन २४ गते अग्नि सापकोटाको जन्म भएको हो । बाबु धनपति सापकोटा र आमा तिलमाया सापकोटाको कोखबाट उनको जन्म भएको थियो । उनका ३ छोरा छन् ।

०३५ सालबाट राजनीतिमा सक्रिय सापकोटाले पटक-पटक गरी २ वर्ष जेल जीवन बिताएका छन् । ०४८ सालमा संयुक्त जनमोर्चाका तर्फबाट प्रतिनिधिसभा निर्वाचनमा उमेदवार बनेका उनी पराजित भएका थिए । ०५१ सालमा पार्टी केन्द्रीय सदस्य बनेका सापकोटा माओवादी र सरकारबीच भएको दोस्रो वार्तामा वार्ता टोली सदस्य समेत थिए ।

सापकोटाले समाजशास्त्रमा स्नातकोत्तर गरेका छन् । साँगाचोकस्थित जनजागृति माध्यमिक विद्यालयमा १५ वर्ष प्राध्यापन गर्दा उनी शिक्षक राजनीतिमै सक्रिय थिए । प्रधानाध्यापक छोडेर उनी पूर्णकालीन राजनीतिमा होमिएका थिए । ०५२ सालबाट भूमिगत भएका उनी माओवादी शान्तिप्रक्रियामा नआउँदा सम्म भूमिगत नै थिए । जनयुद्धको समयमा उनले आफ्ना तीनजना भतिजा भतिजिसमेत गुमाएका थिए ।

उनका कान्छो भाई कृष्णप्रसाद सापकोटाकी छोरी शुभद्रा सापकोटा, जेठो दाजुको दुई वटा छोरा रेवती सापकोटा र प्रेम सापकोटा जनयुद्धकै बेलामा ज्यान गुमाएका थिए । साथै, पछिल्लो पटक सिन्धुपाल्चोकको ठोकर्पामा भएको भिडन्तमा उनलाई समेत गोली लागेको थियो । त्यतिबेला उनी क्षेत्रीय व्यूरो इन्चार्ज थिए । सापकोटा २ पटक मन्त्री भइसकेका छन् । सूचना तथा सञ्चार र वन मन्त्रालयको जिम्मेवारी उनले सम्हालिसकेका छन् । संविधानसभा निर्वाचनमा आफ्ना प्रतिस्पर्धीलाई धेरै मतान्तरले जित्ने १० जनामा सापकोटा पनि पर्छन् । तत्कालिन नेकपा एमाले र माओवादी केन्द्रबीचको एकतापछि बनेको नेकपाका स्थायी समिति सदस्य एवम् संघीय संसदको अन्तर्राष्ट्रिय सम्बन्ध समिति अन्तर्गतको उपसमितिका संयोजक समेत रहेका छन् । साथै, उनी संसदको अन्तर्राष्ट्रिय सम्बन्ध समिति अन्तर्गतको उपसमितिका संयोजक समेत हुन् ।

उनी तत्कालिन माओवादी केन्द्रको प्रवक्ता समेत रहेका थिए । प्रचण्डका नजिकका नेता मानिने सापकोटालाई पार्टीको प्रभावशाली नेताको सूचिमा राखेर हेरिन्छ । उनकी श्रीमति तारादेवी पनि माओवादीको तत्कालिन क्षेत्रीय सदस्य तथा तत्कालिन माओवादीको सल्लाहाकार हुन् ।

# 'मिडिया हाउसबाट क्षतिपूर्ति'

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ माघ

सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बास्कोटाले दण्ड जरिवाना अब सञ्चारगृहले तिर्नु पर्ने बताएका छन् । प्रकाशित गलत समाचारका सम्बन्धमा अदालतले तोकेको क्षतिपूर्ति पत्रकारबाट नभई संचारगृहबाट भराउनुपर्ने मन्त्री बास्कोटाले बताए । राष्ट्रियसभा अन्तर्गतको विधायन व्यवस्थापन समितिमा मिडिया काउन्सि विधेयकमाथिको छलफलमा बास्कोटाले सञ्चार गृहमाथि नियन्त्रण गर्ने आश्यको भनाई राखेका हुन् ।



विधेयकमा गलत मनासाय राखेर समाचार सम्प्रेसण गरेको ठहर भएमा पत्रकारलाई १० लाख रुपैयाँ जरिवाना गराउने प्रावधानको सट्टा जरिवाना कति गराउने भन्ने अंक उल्लेख नगर्ने तर अदालतले तोकेको जरिवाना सञ्चारगृहबाट भराउनुपर्ने प्रस्ताव बास्कोटाले गरेका हुन् । २५-५० हजार मासिक तलब पाउने पत्रकारले लाखौं क्षतिपूर्ति दिन नसक्ने भन्दै बास्कोटाले समाचार संस्था वा सञ्चारगृहले नै तिर्नुपर्ने प्रावधान राख्नुपर्ने बताएका हुन् । मन्त्री बास्कोटाले भने, 'जरिवाना यति नै भनेर अंक नतोकौं तर अदालतले मनासिव गरे अनुसार हुने भनेर उल्लेख गरौं यस्तो गर्दा राम्रो हुन्छ । न्यायीक निरुपणको विषय त सबैले मान्नुपर्छ । यसमा समाचार संस्था वा गृह के भन्दा राम्रो हुन्छ, त्यो मिलाउ । तर २५-५० हजार तलब खाने पत्रकारलाई १० करोड क्षतिपूर्ति दिलाउ भन्यो भने के हुन्छ ? कुन चाँही पत्रकारले तिर्न सक्छ ।'

भारतीय मिडियामा घटेको एक घटना सुनाउँदै मन्त्री बास्कोटाले भने 'अहिले नेपालमा ४, ५ लाखले चल्ने मिडिया कुनै पनि रहेनन् । यहाँ करोड मात्रै होइन अर्बौका लगानीका मिडिया सुरु भइसके । त्यसो भएपछि आफुले दश लाख तिर्दा गाह्रो पर्ने अर्काको करोडौ डुब्दा कानमा तेल हालेर बस्नुपर्ने भनेर उन्मुक्ति दिन सकिँदैन् ।' बास्कोटाले मुद्दाहरुको छानबिन र जरिवाना तोक्ने अधिकार अदालतलाई दिनुपर्ने बताए । आचारसंहिता उलंघनका घटनाहरु, पीडक र पीडितबीच मध्यस्तताका काम मात्रै काउन्सिलले गर्न पाउने गरी व्यवस्था गर्नुपर्ने बास्कोटाको भनाई छ ।

'मिडियाले जुन ठाउँमा समाचार छापेको छ । त्यही ठाउँमा पीडितको कुरा राख्नेगरी काउन्सिलले चेतावनी दिन सक्छ । खण्डनका लागि आदेश दिन सक्छ । आर्थिक क्षति वा व्यवसायीक क्षति भएमा काउन्सिलको निर्णय मनासिव नहुने भएकाले अदालति निरुपणको विषय बन्न सक्छ', उनले भने । बास्कोटाले काउन्सिलको हकमा अथाह शक्ति केन्द्र गर्न नहुनेमा जोड समेत दिए । अदालतले दशी प्रमाणका आधारमा प्रमाणि भए जतिपनि सजाय तोक्ने सक्ने बताउँदै बास्कोटाले मिडियाले कसैप्रति अन्याय नै गर्दैन भनेर भन्न नसकिने बताए । मिडिया आफैमा शक्तिशाली बाँकी पृष्ठ २ मा

# दबाबमा खरेलको राजीनामा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ माघ

सरकारको दबाब खेप्न नसकेपछि नेपाल वायु सेवा निगमका कार्यकारी अध्यक्ष मदन खरेलले पदबाट राजीनामा दिएका छन् । वाइडबडी विमान भाडामा लगाउने सरकारको तयारीको विरोधमा रहेका खरेलले राजीनामा दिएका हुन् । यसैबीच, निगमका प्रवक्ता गणेश बहादुर चन्दले भने, 'उहाँले हामीलाई राजीनामा दिएको जानकारी गराउनु भएको छैन । मलाई लेखेको पत्रमा केही दिन विदामा बस्ने भएकोले दैनिक कार्य सञ्चालन गर्नका लागि अनुरोध गरिएको छ ।'



नियुक्ति भएदेखिनै आलोचनामा परेका उनको काममा संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले पटक पटक असन्तुष्टि जनाएका थिए । मन्त्रीको चर्को असन्तुष्टिकाबीच उनले आइतबार राजीनामा बुझाएको खरेल निकट स्रोतले बताएको छ । यता मन्त्री भट्टराई निकट स्रोतले भन्यो, 'खरेलजीको राजीनामा आएको छ । उहाँको काम चित्त बुझ्दो नभएपछि बाटो खाली गरिदिन भनिएको थियो ।'

मन्त्री भट्टराईले पटक-पटक हटाउनसक्ने चेतावनी दिइरहँदा राजीनामा बुझाएर खरेल बाहिरिएका हुन् । निगमको बढ्दो घाटा, वाइडबडी विमानका लागि गन्तव्य खोज्न नसक्नु लगायतका कारणले उनीमाथि पद छाड्न दबाब बढेको थियो । खरेलले निगममा केही दिनका लागि काम चलाउन अर्का एकजनालाई जिम्मेवारी दिएका छन् ।

# भारतीय धर्म गुरुसँग गोप्य भेट



**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ माघ

पूर्वराजा ज्ञानेन्द्र शाह र एक भारतीय धर्मगुरुबीच गोप्य भेट भएको छ । भारतीय राजनीतिमा समेत प्रभाव पार्ने भारतको केदारनाथ मन्दिरका प्रमुख पुजारी जगतगुरु भीमाशंकर लिंग र पूर्वराजा शाहबीच गोप्य भेट भएको हो ।

माघे संक्रान्तिको अवसर पारेर नेपाल आएका भीमाशंकरले आफ्नो चारदिनको नेपाल यात्रामा पशुपतिनाथ र केदारनाथको शीर मानिने डोलेश्वर महादेव मन्दिरमा पूजा अर्चना, देवघाट र कालीगण्डकीमा स्नानसँगै पूर्वराजा शाहसँग भेटघाट गरे । उनलाई भेट्न पूर्वराजा शाह गोप्य रुपमा झापाबाट काठमाडौं आएका थिए । जाढोमा विस्रामका लागि एक महिनाअघि पूर्वराजा शाह झापा पुगेका थिए । भीमाशंकरसँग भेटका लागि मात्र पूर्वराजा काठमाडौं आएर पुनः झापा फर्केका छन् ।

शंकराचार्य परम्परामा उच्च हैसियत तथा प्रभाव राख्ने भीमाशंकरको यो यात्रा र अभिव्यक्तिलाई नेपाललाई पुनः हिन्दुराष्ट्रको हैसियत औपचारिक रुपमा दिलाउने अभियानको संकेतका रुपमा हेरिएको छ । नवलपरासीस्थित मध्यविन्दुका करिब ५ हजार आदिबासीलाई रुद्राक्षको माला लगाइदिएर विदेशीहरुद्वारा भइरहेको धर्म परिवर्तन अभियानलाई प्रतिकार तथा अस्वीकार गर्न उनले आग्रह गरेका थिए । साथै उनले त्यहाँ संस्कृत महाविद्यालय खोली सबै जातजातीका व्यक्तिहरुका लागि ज्ञानको श्रोतमा पहुँच सुनिश्चित गर्न आफू सक्रिय रहेको बताएका थिए । चार दिनको भ्रमणपछि भीमाशंकर शनिबार गोरखपुर स्थित गोरखनाथ मठ पुगेका थिए । जहाँ मठका प्रमुख महन्थ तथा उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले उनको स्वागत गरेका थिए ।

उनले आफ्नो यात्राका क्रममा भारतको बम्बेस्थित परमहंस स्वामी अडगडानन्द महाराज ट्रष्टद्वारा प्रदान गरिने एक लाख गीता पनि वितरण गरे । नेपालीमा अनुवादित श्रीमद्भागवत गीताका तीन लाख प्रति वितरण गरिने पनि उनको यात्राका आयोजकहरुले बताए । यसअघि भीमाशंकरले भुकम्पबाट क्षतिग्रस्त नेपालका प्रभावितहरुका लागि राहत र अन्य सहयो वितरण गरेका थिए ।

## वैदेशिक रोजगार सूचना प्रणाली

# ओमान, बहराइनतिर पनि समस्या

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ माघ

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (एफआइएमएस) मा आइतबार देखि सहज रुपमा काम भएको बताएको छ । बुधबारदेखि शुक्रबार मध्यान्हसम्म प्रणालीमा प्राविधिक समस्या आएपछि धेरै म्यानपावर कम्पनीले पेश गरेका अन्तिम श्रम स्वकृतिका फाईल रोकिँदा वैदेशिक रोजगार गन्तव्यमा उड्न जहाजको टिकट लिएकाहरुले लाखौं आर्थिक क्षति व्यहोर्नु परेको बताएका छन् ।

आइतबार प्रणाली मार्फत् काम भएपनि पहिले जस्तो सहज नभएको बताइएको छ । ताहाचलले बिशेषतः टिकट कै कारण अन्तिम स्वीकृतिलाई प्राथमिकता दिने गर्छ भने ४ बजेसम्म कार्यालय समय भए पनि बेलुकी ७ बजेसम्म संस्थागतहरुको पूर्व स्वीकृति दिने गरेको छ । गत जनवरी १ तारिखबाट उक्त प्रणालीमा वैदेशिक रोजगारसम्बद्ध सबैजसो कार्यालयहरु जोडिएका छन् । त्यसपछि सर्भर डाउनको समस्या बढेको विश्लेषण गरिएको छ ।

उक्त प्रणालीमा वैदेशिक रोजगारीमा जाने कामदार, विदेशस्थित नेपाली कूटनीतिक नियोग, बीमा कम्पनीहरु, राहदानी विभाग, अध्यागमन विभाग, वैदेशिक रोजगार बोर्ड, बैंक, कन्सुलर सेवा विभाग, वैदेशिक रोजगार व्यवसायी, तालिम प्रदायक संस्था, मेडिकल तथा श्रम रोजगार कार्यालय गरी एक दर्जन बढी संस्था आबद्ध छन् । सर्भरको क्षमता भन्दा बढी प्रयोगमा आएपछि सर्भरमा समस्या देखिन थालेको विभागका कतिपय कर्मचारीको बुझाइ छ ।

प्रणालीमा जोडिएकामध्ये कतार, कुवेत र यूएइले तत्काल विभागको एटेस्टेशन मोड्युल प्रयोग गरेर प्रमाणीकरण गरिएको डिमाण्ड अनलाइन मार्फत पठाउन नसकिने बताएका छन् । तर सोही क्षेत्रको ओमान र बहराईनबाट पनि प्रणालीमा डिमाण्ड आउन नसकेको व्यवसायीहरुको गुनासो छ । साउदी अरबमा भने सर्भरको भन्दा दूतावासका कर्मचारी डिमाण्ड प्रमाणीकरणमा बाधक बनेको व्यवसायीहरुको गुनासो छ ।

कतार, कुवेत र यूएईबाट प्रणालीमा डिमाण्ड नआउने भएपछि विभागले पुस १५ गतेसम्म प्रमाणीकरण भएका डिमाण्डलाई व्यवसायीहरुले आफैले डिजिटल हस्ताक्षरबाट प्रमाणीकरण गरेर पेश गरे पूर्व स्वीकृति पाउन सक्ने र पुस १५ गतेपछि प्रमाणीकरण भएका मागपत्र विभागको एटेस्टेशन मोड्युल प्रयोग भई आउनु पर्ने बताएको छ ।

विभागका महानिर्देशक डा. भीष्मकुमार भूसालले परराष्ट्र मन्त्रालयमा समस्याको समाधानका लागि प्रयास गरिरहेको बताएका छन् । तर पटक पटक सर्भर डाउन भई विभागमै प्रणालीबाट काम हुन नसक्दा विदेशस्थित नेपाली नियोगहरुले बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## थपिँदै नयाँ सिन्डिकेट !

**काठमाडौं/मस-** सिन्डिकेटले स्वच्छ र प्रतिस्पर्धात्मक खुला अर्थ व्यवस्थालाई निषेधित गर्ने भएपनि वैदेशिक रोजगार क्षेत्रलाई व्यवस्थित गर्ने भन्दै विभिन्न नामका सिण्डिकेट व्यवस्थित हुन थालेका छन् । नेपालमा विभिन्न नामका सिण्डिकेट रहेको र उनीहरुले वैदेशिक रोजगारमा जाने युवाहरुलाई अतिरिक्त आर्थिक भार पारिरहेको भन्दै नेपाल वैदेशिक रोजगार व्यवसायी संघ लगायतका संघ संस्थाले पटक पटक आवाज उठाउने गरेका छन् । तर सरकारी निकायहरुको परस्पर विरोधी स्वार्थको फाइदा उठाई त्यस्ता सिण्डिकेट जन्मिने गरेका छन् ।

हाल बजारमा यूएई भिसा सेन्टर, मलेसिया निर्माण कामदार प्रमाणीकरण सेन्टर लगायतका विदेश भ्रमणमा जाने सबै नेपालीको तथ्यांक एकीकृत गर्ने नाममा सिण्डिकेटहरु स्थापित हुन थालको बताइएको छ । वैदेशिक रोजगार क्षेत्रमा विभिन्न नाममा खडा हुने सिण्डिकेटले प्रत्यक्ष र परोक्ष रुपमा सेवाग्राहीको लागत बढाउने गरेको गुनासो वैदेशिक रोजगार व्यवसायीहरुको छ ।

कतारमा रोजगार | कम्पनी: BARAZAN REDY MIX QATAR
शहर: DOHA
LT. No.: 230602
पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | मासिक तलब QR | ने. रु. |
| --- | --- | --- | --- | --- | --- |
| 1. | Labourer | 2 | 0 | 900 | [illegible] |
| 2. | Heavy Vehicle Driver | 4 | 0 | 1900 | [illegible] |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ १३ गते (27 Jan. 2020) मा हुनेछ ।

Mobhira Recruitment Consultancy services (P.) Ltd.
साविकको नाम: रिजा ह्युमन रिसोर्स प्रा. लि.
Email: hr@mobhiraservices.com, Web: www.mobhiraservices.com

# लुम्बिनी विकासका लागि सरकार 'एक्सन'मा : मन्त्री भट्टराई

**काठमाडौं/मस-** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले लुम्बिनी विकासका लागि अब सरकार 'एक्सन'मा जाने बताएका छन् । कोषको विकासका लागि यसअघि धेरै छलफल भएको उल्लेख गर्दै मन्त्री भट्टराईले अहिलेसम्म भएका छलफलमा आएका सुझाव र बनाइएका योजनालाई केन्द्रमा राखेर मन्त्रालयले तत्काल काम शुरु गर्ने बताए ।




लुम्बिनी विकास कोषको आयोजनामा आइतबार मन्त्रालयमा भएको 'बृहत्तर लुम्बिनी क्षेत्रको योजना तथा विश्व शान्ति नगरको कार्यान्वयन' विषयक कार्यक्रममा मन्त्री भट्टराईले लुम्बिनी विश्वमा नेपाललाई चिनाउने अग्रणी सम्पदा रहेको भन्दै यसको विकास सरकारको प्राथमिकतामा रहेको बताए ।

मन्त्री भट्टराईले मायादेवी, रामग्राम, तिलौराकोट र लुम्बिनीलाई समेटेर बृहत्तर लुम्बिनीका रूपमा विकास गरिने बताए । लुम्बिनीको विकासका निम्ति अब प्रदेश सरकार, स्थानीय सरकार र सरोकारवाला निकाय सबैसँग छलफल गरिने उनको भनाइ थियो । मन्त्री भट्टराईले बृहत्तर लुम्बिनीको विकास गर्दा बहुसांस्कृतिक पक्षलाई ध्यानमा राखेर काम गरिने पनि बताए ।

पर्यटन मन्त्रालयका सचिव केदारबहादुर अधिकारीले लुम्बिनीको विकासका निम्ति विज्ञ, सरोकारवाला निकाय सबैसँग समन्वय गरिने बताए । लुम्बिनी विकास कोषका उपाध्यक्ष अवधेशकुमार त्रिपाठी, योजनाविद् डा महेन्द्र सुब्बा र इञ्जिनीयरिङ संस्थान पुल्चोकका सहप्राध्यापक डा सञ्जय उप्रेतीले बृहत्तर लुम्बिनीको विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

प्रधानमन्त्री कार्यालयका सचिव नारायणप्रसाद विडारी, राष्ट्रिय योजना आयोगका सदस्य डा रामकुमार फुयाल, पुनःनिर्माण प्राधिकरणका प्रमुख कार्यकारी सुशील ज्ञवाली, विश्व वन्यजन्तु कोषका राष्ट्रिय निर्देशक डा घनश्याम गुरुङ, लुम्बिनी बौद्ध विश्वविद्यालयका कुलपति प्राध्यापक डा हृदयरत्न राज्य ब्रजाचार्य, वरिष्ठ पर्यटन व्यवसायी कर्ण शाक्य, अम्बिका श्रेष्ठलगायतले सुझाव दिएका थिए ।

## सभामुखको...

थिए । नेकपाले सभामुखको उम्मेदवार टुङ्गाएपछि संसदको गतिरोध पनि खुलेको छ ।

सर्वोच्चमा रिट

श्री सर्वोच्च अदालतमा चढाएको

रिट निवेदन पत्र

विषय : नेपालको अन्तरीम संविधान २०६३ को धारा ३२, १०७(२) वमोजिम उत्प्रेषण लगायतका जो चाहिने आवश्यक आदेश जारी गरी पाँउ ।

निवेदक

जिल्ला सप्तरी राजविराज न.पा वडा न ४ वस्ने होमराज प्यकुरेलको छोरा वर्ष ५९ को सुशिल प्याकुरेल ........१

जिल्ला काठमाण्डौ कामनपा वडा नं ४ वस्ने ईन्द्रमान श्रेष्ठको छोरा वर्ष ५६ को प्राध्यापक कपिल श्रेष्ठ.........१

जिल्ला ललितपुर ललितपुर उपमाहानगरपालिका वडा न ३ बस्ने कमलमणि दिक्षीतको छोरा वर्ष ५५ को कनक मणि दिक्षीत........१

जिल्ला तेह्रथुम ह्वाकुव गा.वि.स. वडा नं. ४ वस्ने टंकनाथ सिवाकोटीको छोरा वर्ष ४९ डा. गोपाल कृष्ण सिवाकोटी........१

जिल्ला सप्तरी राजविराज नगरपालिका वडा न.४ वस्ने होमराज प्याकुरेलको छेरा वर्ष५७. को सुवोध प्याकुरेल........१

जिल्ला ललितपुर ललितपुर उपमाहानगरपालिका वडा न १ वस्ने स्व ईन्द्र प्रसाद प्रसाईको छोरा वर्ष ५७ को चरण प्रसाई ........१

जिल्ला काठमाण्डौ विष्णु गा.वि.स. वडा नं ७ घर भएका चन्द्रदत्त शर्माको छोरी वर्ष ३८ को मन्दीरा शर्मा .........१

समेतको वा. भई आफ्नो हकमा समेत जिल्ला सर्लाही गौरीशंकर गा. बि. स.

वडा नं. ५ घर भई हाल भक्तपुर जिल्ला बालकोट गा.बि.स.वडा नं. ९बस्ने

बर्ष ३२ को अधिबक्ता सुनिल रंजन सिंह ........१ रिट निवेदक

विरुद्ध

सम्मान्नीय प्रधानमंत्री श्री झलनाथ खनाल, प्रधानमंत्री तथा मन्त्रीपरिषदको कार्यलय सिंहदरवार काठमाण्डौ ........१.

श्री अग्नि सापकोटा, मंत्री नेपाल सरकार सूचना तथा संचार, सिंहदरवार काठमाण्डौ "२

नेपाल सरकार, मन्त्रीपरिषद, सिंहदरवार काठमाण्डौ .........३

श्री कृष्ण वहादुर महरा, गृह मन्त्रि .सिंहदरवार काठमाण्डौ .........४

जिल्ला प्रहरी कार्यालय काभ्रे .........५ विपक्षी

मुद्धाः उत्प्रेषण

हामी निवेदकहरु निवेदन वापत लाग्ने दस्तुर रु ५००। यसै साथ राखि निम्न लिखित व्यहोराको रिट निवेदन गर्दछौं।

१. हामी रिट निवेदकहरु विगत लामो समय देखि मानव अधिकारको संरक्षण तथा संवर्द्धन, विधिको शासन पक्षमा र दण्डहिनताको विरुद्धमा काम गर्दै आईरहेका छौ। हाम्रो यो अभियान राज्यका सवै काम कारवाहिहरु प्रचलित कानुन तथा संविधान सम्मत र प्रजातन्त्रको मुल्य मान्यता र पद्धति अनुसार हुनु पर्दछ भन्ने कुरामा आधारित छन्। विगत केहि समय देखि मानव अधिकारकर्मिहरुले उठाएका संक्रमणकालीन न्याय संग सम्वन्धित मुद्दाहरुलाई राज्य संयन्त्रहरुले वेवास्ता गर्दै आएको अवस्था छ। यसै सिलसिलामा तल प्रकरण प्रकरणमा उल्लेख गरीएको तथ्यहरुका आधारमा विपक्षीहरुको कामले मानव अधिकारको प्रवर्धन र विधिको शासनमा अवरोध सिर्जना गर्नेगरी विपक्षि नं १ ले कर्तव्य ज्यान मुद्दाका अभियुक्तको रुपमा रहेका विपक्षि नं २ लाई मन्त्री जस्तो गरीमामय पदमा नियुक्ति गरेको र विपक्षी नं २ विरुद्ध विपक्षी नं ५ मा अनुसन्धानको क्रममा रहेको मुद्दा लगायतका विगत सशस्त्र द्धन्दको क्रममा भएका घटनाहरु संग सम्वन्धित मुद्धा फिर्ता लिने भन्ने कुरा विपक्षी नं ४ ले सार्वजनिक गरेकाले सो कार्यवाट मुलुकमा दण्डहिनताले पश्रय पाएको र विधिको शासनको उपहास गरेकोले यो विषय सार्वजनिक सरोकारको विषय समेत पर्न गएको हुँदा यसमा हाम्रो सरोकार रहन गै सो निर्णय वदर गराउने अन्य प्रभावकारी उपचारको अभावमा वाध्य भै नेपालको अन्तरीम संविधान २०६३ (यस पछि संविधानमात्र भनिने) को धारा ३२, १०७(२) वमोजिम यो विषयका सम्वन्धमा तल प्रकरणहरुमा उल्लेख गरी प्रस्तुत रिट निवेदन गर्न आएका छौं।

२. विपक्षि नं २ का विरुद्धमा जिल्ला काभ्रे छत्रेवाँझ गा.वि.स. स्थित श्री कृष्ण माध्यमिक विद्यालयको प्राङगणवाट मिति २०६२।१।१६ गतेका दिन अर्जुन लामालाई अपहरण गरी लगि २०६२ साल असार महिनाको दोश्रो हप्ता वुढाखानि गा.वि.स.को क्षेत्रमा पुर्याई हत्या गर्न प्रत्यक्ष रुपमा निर्देशन दिएको भन्ने आरोप सहित जिल्ला प्रहरी कार्यलय काभ्रेमा मृतककी श्रीमती पूर्णीमाया लामाले किटानी जाहेरी दरखास्त दिएकोमा जिल्ला प्रहरी कार्यालयले उक्त जाहेरी दर्ता गर्न ईन्कारी गरेपछि जिल्ला प्रशासन कार्यलय काभ्रेमा जाहेरी लिएर जादा सो कार्यालयले मिति २०६४।३।२४ गतेका दिन जिल्ला प्रहरी कार्यालयलाई पत्र लेखि द्वन्दको घटनालाई संवोधन गर्न सत्य निरुपण तथा मेल मिलाप आयोग गठन गर्ने भन्ने संवैधानिक व्यवस्था भएको हुँदा सो अनुसार दरपिठ गरीदिनु भनि भएको पत्राचार वमोजिम मिति २०६४।३।२६ गतेका दिन जिल्ला प्रहरी कार्यालयले निजको जाहेरी दरखास्त दरपिठ गरेको थियो।

यसरी जाहेरी दर्ता गर्न ईन्कारी गरी दरपिठ गरेपछि सो उपर सर्वोच्च अदालतमा परमादेश रिट निवेदन दर्ता भएकोमा मिति २०६४।११।२७ गतेका दिन सर्वोच्च अदालतवाट आदेश हुदा जिल्ला प्रहरी कार्यलय काभ्रेले गरेको दरपिठ आदेश मिलेको देखिन आएन क्षेत्राधिकार विहिन भै त्रुटिपुर्ण देखिन आयो सो दरपिठ आदेश उत्प्रेषणको आदेशद्वारा वदरहुने ठहर्छ। सो जाहेरी दर्ता गरी कानुन वमोजिम अरु कारवाहि गर्नु भनि परमादेशको आदेश समेत जारी हुने ठहर्छ भन्ने समेत व्यहोराको आदेश भै सो जाहेरी हाल जिल्ला प्रहरी कार्यलय काभ्रेमा दर्ता भै सो जाहेरी उपर अनुसन्धान कार्य जारी रहेको छ। सो किटानी जाहेरीमा अभियुक्तको महलमा उल्लेखित विपक्षि नं २ को नाममा जिल्ला प्रहरी कार्यलयवाट पक्राउ पुर्जी जारी भएको छ । र, पक्राउ गर्न खटिएका प्रहरी कर्मचारीले निज फेला नपरेको प्रतिवेदन दिएका छन् । तर, निज विपक्षी संविधान सभाको सदस्य समेत रहकाले दिनहुँ संविधान सभामा भागलिई रहेको संचार माध्ययम मार्फत देखिन्छ । सरकारी मुद्दा सम्वन्धी ऐनको प्रकृया अनुसार निजलाई पक्राउ गरि वयान गराई प्रभावकारी ढंगले अनुसन्धान गर्नु पर्ने दायित्व विपक्षीवाट वहन हुन सकिरहेको छैन। अर्को तर्फ विपक्षी मन्त्री सापकोटा विगत द्वन्द्वकालमा काभ्रे जिल्ला निवासी अर्जुन लामाको अपहरण तथा हत्यामा संलग्न रहेको विषयमा जिल्ला प्रहरी कार्यालय काभ्रेले अनुसन्धान गरिरहेको छ र निजलाई पक्राउ गर्न विभिन्न सुचनाहरु पनि जारी गरेको छ । तर, शसस्त्र द्वन्द्वको क्रममा भएका घटनामा आफू उपर कारवाही चल्न नहुने भन्दै सापकोटाले प्रहरी समक्ष उपस्थित हुन अस्विकार गर्दै आएका छन्। उनको यस्तो कार्यबाट कानुनको शासन र स्वतन्त्र न्यायपालीको अवधारणामै चुनौति खडा भएको छ। यसले कानूनको साशनलाई गंभिर चुनौती दिएको छ ।

३. यसरी हत्या अभियोगमा किटानी जाहेरी परेका र हाल फरार देखिएका निज विपक्षि नं २ लाई पक्राउ गरि मुद्दाको अनुसन्धान गर्नु पर्ने दायितव भएका विक्षीहरुले सो दायित्व वहन नगरि रहेकै अवस्थामा मिति २०६८।१।२१ गतेका दिन विपक्षि नं १ ले निज विपक्षी नं २ लार्ई लोकतान्त्रीक मान्यता, कानूनको विधिको साशनको आधार भूत सिद्धान्त र नेपाल पक्ष राष्ट्र भएको अन्तराष्ट्रिय कानून अन्तर्गत दायित्व प्रतिकुल हुने गरि सूचना तथा संचार मन्त्रीमा नियुक्ति गर्न भएको सिफारिसको आधारमा विपक्षी नं २ ले मिति २०६८।१।२१ मा सफत ग्रहण गराएकोले हाल निज विपक्षी सो मन्त्रालयको कार्यभार सम्हाली आउनु भएको छ ।

४. त्यसरी नै मिति २०६८ जेठ ६ गते विपक्षी गृहमंत्री श्री कृष्ण वहादुर महराले द्धन्दका समयका मुद्दाहरु फिर्ता लिनु पर्ने वताउदै त्यसमध्ये दुईवटा मुद्दा अर्जुन लामाको मुद्दा चल्न नसक्ने र मैना सुनुवार को हत्या सम्वन्धी मुद्दाहरु समेत फिर्तालिने तयारी सरकारले गरिरहेको खुलासा गर्नु भएको थियो। राजनितिक उदेश्यले अभिप्रेरित भई मुद्दा फिर्ता गर्ने कार्य अन्तराष्ट्रिय कानूनको पालन गर्नु पर्ने सरकारी दायित्वको वर्खिलाप हुन्छ। निज तथा त्यस्तै आरोप लागेका अन्य मुद्दाहरुको अनुसन्धान नगरि मुद्दा फिर्ता गरिएमा यसले डण्दहिनतालाई संस्थागत गर्दछ र यसमा आफै सम्मानीत सर्वोच्च अदालतले नै यो मुद्दाको अनुसन्धान गर्नु भनि परमादेश जारी गरेको अवस्थामा अनुसन्धान नगरि मुद्दा फिर्ता लिएमा यसले अदालतको आदेशको अवज्ञा समेत हुन जान्छ। अतः विपक्षीका उल्लेखित कृयाकलापहरु गैर कानूनी र गैर संवैधानीक छन्।

५. कर्तव्य ज्यान मुद्दाको अभियुक्तको रुपमा अभियोग भोगि रहेका निजलाई मन्त्री जस्तो गरीमामय पदमा नियुक्ति गरि प्रजातन्त्रिक मुलुक भएको देशका जनतामाथि शासन गर्ने जिम्मेवारी दिईनु अनुचित, गैर कानुनी, गैर संवैधानिक, प्रजातन्त्रिक पद्धतिको मुल्य मान्यता समेतको पनि विपरित भएकोले यस्तो कार्य वदर माग गर्न सम्मानीत अदालतको शरण पर्न वाध्य भएका छौं । यसै अदालतको आदेशले अनुसन्धानको दायरामा रहेका निजलाई मन्त्री जस्तो गरिमामय पदको जिम्मेवारीले सम्मानीत अदालतको अपहेलना समेत हुन पुगेको छ ।

६. निज उपर लागेको अभियोगका कारणले नेपाल स्थित अमेरीकी दुतावासले १२ असार २०६७ मा निजलाई प्रवेशाज्ञा दिन ईन्कारी गरेको थियो। त्यसरी नै प्रवेश आज्ञा दिईसकेको अष्ट्रेलीयाले यो कुराको जानकारी पाए पछि सो वदर गरि निजको भ्रमणमा रोक लगाएको थियो। निज मन्त्री पदमा नियुक्ति भए पछि संयुक्त राष्ट्र संघ लगायत राष्ट्रिय तथा अन्तराष्ट्रिय मानव अधिकारवादी संघ संस्थाले सो नियुक्तिको विरोध गर्दै विज्ञप्ती जारी गर्ने र सम्माननीय प्रधान मन्त्री ज्यू समक्ष खुला पत्र समेत वुझाउने कार्य समेत गरेका छन्।

७. मानव अधिकारको सम्मान र रक्षा गर्न अडिग रहेको प्रतिवद्धता भरखरै मात्र नेपाल विषयमा भएको युपिआर छलफलमा विश्व जगत समक्ष नेपाल सरकारले जाहेर गरेको छ। सो जाहेर गरेको प्रति वेवास्ता गर्दै गम्भिर प्रकारको मानव अधिकार उलंघन तथा दुरुपयोगका दोषिलाई गरिमामय पदको जिम्मेवारी दिईनुले जिम्मेवार र जवाफदेहि सिमित सरकारको मान्यतालाई उपहास गरेको छ । यस्तो कार्य संवैधानिक सर्वोच्चता, विधिको शासन र मानव अधिकारको सम्मानको सिद्धान्त विपरित रहेको छ ।

८ कुनै पनि फौजदारी अभियोग लागे पछि राज्यको कुनै पनि सानो भन्दा सानो पदमा वहाल रहेको व्यक्ति निलम्वित हुने कानुनी मान्यता रहेको छ। निष्पक्षता, पारदर्शिता र जवाफदेहिता जस्ता अतिनै महत्वपुर्ण सिद्धान्तले यि मान्यतालाई अगालेको छ। कुशल, सक्षम र उत्तरदायि सरकारवाट शासितहुन पाउनु लोकतान्त्रिक शासन व्यवस्थाको मुल मर्म र जनताका अधिकार हो । निज पदमा वहाल भै रहने हो भने सो मुद्दाको अनुसन्धानमा प्रत्यक्ष प्रभाव पार्ने, पदिय दुरुपयोगको माध्यमले प्रमाणको लोप गर्ने तथा अनुसन्धान अधिकारीहरुमा अनुचित प्रभाव पर्न गै पिडितले न्याय प्राप्त गर्न नसक्ने प्रष्टै रहेको छ। विधिको शासन भएको मुलुकमा यस्तो कार्य उचित हुन सक्दैन ।

९. निज उपर अभियोग लागेको र प्रहरीले अनुशन्धान गरिरहेको अवस्थामा एउटा असल नागरीकको जिम्मेवारी भनेको प्रहरी समक्ष उपस्थिति भइ आफूमाथि लागेको अभियोगको वारेमा वयान दिनु हो। फौजदारी अयियोगको यस मान्यतालाई उल्लघंन गर्नु भनेको कानुनी शासनको अवहेलना समेत हो। निज अभियुत्क निर्दोष नै हुन भने कुराको निणय गर्ने अधिकार अदालतमा हुन्छ न कि कुनै व्यक्तिमा ? यसरी प्रकृया नै पुरा नगरी आफूलाई निर्दोष दावी गर्ने अवस्था रहदैन ।

१०. प्रहरीले पनि संविधान सभा सदस्य र मन्त्री समेत भइसकेको अभियुभत्कलाई फेला नपरेको भनी फरारी अभियुत्कको रुपमा प्रस्तुत गर्नु आफैमा हाँस्यसपद हुन्छ ।

११. त्यस्तै संबिधानको धारा १३ ले सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन भन्ने व्यवस्था गर्दै कसैलाई पनि समान्य कानूनको समान संरक्षणबाट वञ्चित नगरिने वन्दोवस्त गरेको छ । यस निणयवाट अरु फौजदारी अभियोग लागेका अभियुत्कहरु माथि विभेद हुने व्यहोरा समेत स्पष्ट पार्न चाहन्छौं। राजनितिदक दलको नेता हुँदैमा फौजदारी न्यायको प्रकृयावाट उन्मुक्ति पाइन्छ भन्न सन्देश आम नागरीकमा संप्रेसन हुन्छ ।

१२. मानव अधिकारको उल्लङघनको घटनामा पिडितहरुलाई प्रभावकारी उपचार प्रदान गर्नु अन्तराष्ट्रिय कानुन अन्तर्गतको दायित्व हो। प्रभावकारी उपचारको प्रत्याभूति गर्ने अन्तराष्ट्रिय कानूनहरुमा खासगरि मानव अधिकारको विश्वव्यापी घोषणा पत्र को धारा ८, नागरीक तथा राजनैतिक अधिकार सम्बन्धी संयुक्त राष्टसंघिय अनुबन्ध रहेका छन। नेपालले नागरिक तथा राजनैतिक अधिकार सम्वन्धी अन्तराष्ट्रिय अनुवन्ध १९६६ लाई सन् १९९१ को मे १२. तारेखमा अनुमोदन गरि यसको पक्ष राष्ट्र भएको छ । यो अनुवन्धको धारा २ (३) ले प्रभावकारी उपचारको हक सम्वन्धी व्यवस्था गरेको छ । र प्रभावकारी उपचारको हक अर्नतगत न्यायको हक महत्वपुर्ण तत्वको रुपमा रहेको हुन्छ। यसका साथै उक्त प्रभावकारी उपचारको हकलाई सुनिश्चित गर्न राज्यले अपनाउनु पर्ने विभिन्न उपायहरु र तरिकाहरुको सम्वन्धमा पनि यस अनुवन्धले सम्वन्धीत पक्ष राष्ट्र उपर विभिन्न दायित्वहरु सृजना गरेको छ। त्यस्तो दायित्व अर्नतगत अनुसन्धान गर्नु पर्ने दायित्व तथा आरोपीलाई अभियोजन गर्ने कुरा समेत पर्दछ । संयुक्त राष्ट्रसंघिय मानव अधिकार समिति, जसलाई यो महासन्धीका व्यवस्थाहरुको व्याख्या गर्ने अधिकार प्राप्त छ, ले आफ्नो व्याख्यात्मक टिप्पणी नं २ मा उल्लेखित अधिकारहरुको उल्लंघनमा परेका व्यक्तिहरुलाई प्रभावकारी उपचारको अधिकार हुने र त्यस अन्तर्गत पिडकलाई न्यायको दायरामा ल्याई दोषी पाइएको खण्डमा त्यस्ता व्यक्तिहरुलाई दण्डीत गर्नु पर्ने भनि व्याख्या गरेको छ। यसरी दोषिलाई कानुनको दायरामा ल्याई पिडीतलाई सजाय गर्नु पर्नेमा सो नगरी उल्टै पुरस्कृत गरीनु उचित हुन सक्दैन।

१३. अत माथि प्रकरण प्रकरणमा उल्लेखित आधारमा विपक्षि नं २ लाई मन्त्री पदमा नियुक्ति गर्ने विपक्षी नं १ को मिति २०६८।१।२१ को कार्य नेपालको अन्तरीम संविधानको धारा १३ र २४ लगायतको विपरीत भएकोले सो निर्णय र शपथ तथा निजले पदभार ग्रहण गरे पश्चात निजवाट भए गरेका काम कारबाहीहरु उत्प्रेषणको आदेशले वदर गरी दोहाय बमोजिमको आदेश समेत जारी गरी पाउँ।

१४. साथै निज पदमा निरन्तर रहि रहने हो भने प्रमाणको लोप गर्ने, पदिय दुरुपयोग गरी कर्मचारी उपर अनुचित प्रभाव पार्ने र आफुअनुकुल निर्णय गराउन सक्ने र पिडितले न्याय पाउने हकवाट समेत वञ्चित हुनु पर्ने भएकोले यो विवादको टुङ्गो नलागे सम्मको लागि मंत्रीको हैसियतले काम नगर्नु नगराउनु भनि सर्वोच्च अदालत नियमावली २०४९ वमोजिम अन्तरिम आदेश समेत जारी गरी पाँउ।

१५. पछि हाम्रो तर्फवाट अदालतमा उपस्थित भै वहस गर्नुहुने कानुन व्यवसायीको वहसलाई यसै निवेदनको अभिन्न अंग मानि पाउँ।

१६. प्रस्तुत निवेदनको विषय वस्तु अति नै गम्मभीर भएकोले यस रिट निवेदनलाइ सर्वोच्य अदालत नियामावली २०४९ को नियम ३८ अनुसार अग्राधिकार प्रदान गरी रिट निवेदनको सुनवाई गरी पाउँ।

१७. निम्न कागजात यसै साथ संलग्न रहेको छ।

क. माथि पेटवोलिमा उल्लेखित सर्वोच्च अदालतको फैसलाको फोटोकपि ".१

ख. जिल्ला प्रहरी कार्यलय काभ्रेवाट विपक्षि नं २ लाई पक्राउ गर्ने सम्वन्धमा भएको प्रहरि संचार को फोटोकपि '.१

ग. आई.सि.जे. समेतले प्रधानमंत्री समक्ष लेखेको खुला पत्रको फोटोकपी "..१

घ. संयुक्त राष्ट संघ मानव अधिकार उच्च आयुक्तको कार्यालय नेपालले जारी गरेको प्रेस विज्ञप्तीको प्रतिलिपि

फरार अभियुक्त मन्त्री भनि हिमाल खवर पत्रिकामा प्रकाशित समाचारको अंशको फोटोकपि'..१

लेखिएको व्यहोरा ठिक साँचो हो। झुठा ठहरे कानुन वमोजिम सहुला वुझाउला।

निवेदकहरु

निज वा समेत अधिवक्ता सुनिल रंजन सिंह

ईति सम्वत २०६८ साल जेष्ठ महिना १३ गते रोज ६ शुभम........

## मिडिया...

भएकाले त्यसको 'मिसयुज' नहोस भन्ने तर्फ सबै सचेत हुनुपर्ने उनले बताए। विज्ञापन नपाएको झोँकमा व्यवसाय नै ध्वस्त पर्नेगरी समाचार सम्प्रेशण हुने गरेको बताउँदै बास्कोटाले न्याय निरुपणको विषय अदालतबाट टुंगिनुपर्नेमा जोड दिए ।

विधेयकका विषयमा प्रतिपक्षी दल, पत्रकार महासंघलगायत सम्बन्धित क्षेत्रहरुसँग पनि छलफल भएको बताउँदै बास्कोटाले जरिवाना यति गर्ने भनेर अंक उल्लेख नगर्दा पनि हुने, मिलापत्र गराउन सक्ने अधिकार काउन्सिललाई हुनुपर्ने र पीडितलाई अदालति प्रकृयामा जान कुनै बाधा अवरोध हुन नहुनेमा उनले जोड दिए ।

## वैदेशिक...

प्रणालीमा प्रवेश नगर्ने थप बहाना पाउने कतिपय वैदेशिक रोजगार व्यवसायीको टिप्पणी छ ।

विभागले वैदेशिक रोजगार प्रशासनलाई स्वच्छ बनाउने भन्दै गत जनवरी १ तारिखदेखि प्रणाली कार्यान्वयनमा ल्याएपनि विगत १५ दिनको अभ्यासले शुरुमै प्रणालीको प्रभावकारीतामा प्रश्न उठेको छ । फ्रि भिसा फि टिकट अर्थात् शुन्य लागतमा कामदार वैदेशिक रोजगारीमा पठाउनु पर्ने कानूनी बाध्यतामा रहेका म्यानपावर व्यवसायीहरु टिकट काटेको दिन उडाउन नपाए त्यसको क्षतिपूर्ति कस्ले गर्ने भन्ने प्रश्न गर्दै विभागको प्रणालीबाट काम हुन्छ भन्ने सुनिश्चितता हुनुपर्ने माग गरिरहेका छन् ।

**कम्पनीको नाम परिवर्तन सम्वन्धी सूचना**

यस कम्पनीको मिति २०७५।०९।२० मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी Himshikhar Leminate And Kastha Udhyogd Pvt. Ltd को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नुपर्ने कर ऋण/धन अन्य दायित्व परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरि कम्पनी रजिष्टार्ड कार्यालयवाट समेत २०७५/९/२७ गतेको निर्णयानुसार कम्पनीको नाम परिवर्तन भई Himshikhar Laminate And Kastha Udhyog कायम गरिएको यसै सूचना द्वारा जानकारी गराईन्छ ।

**Himshikhar Laminate And Kastha Udhyog**

**साउदीमा रोजगार** | कम्पनी : ABDUL LATIF NASSER HWAIL SALE OF GAS CYLINDERS
शहरः SAUDI

पुर्व स्वीकृत मितिः २०७६/१०/०५ चलानी नं.: ६०१५०१७१ L.T. No.: 230747

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Un Loading Labour | 3 | 0 | स. काममा दक्ष | 1100 | ३३,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा माघ १३ गते (27 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनूहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनूहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Hamdan Employment Service Pvt . Ltd.**
Gov. Lic. No. 761/064/065
Tilganga-9, Manpower Bazar, Airport, Kathmandu, Tel: 4474505, 4474506
Email: hamdan773@gmail.com | Website: www.hamdannepal.com

**मलेसियामा रोजगार** | कम्पनीः INFINITE ZEST INDUSTRIAL SDN BHD
शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/१०/०५ चलानी नं.: ६०१५०१९७ LT. No.: 231021

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Work | 7 | 0 | स. काममा दक्ष | 1200 | ३३,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा माघ १३ गते (27 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनूहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोनः ४११२७१३, ४११२७१४
Gov. lic. No. 793/065/66
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com

**फ्रि भिषा ! फ्रि टिकट !! सहित मलेसियामा रोजगार**

कम्पनी : QL POULTRY FARMS SDN. BHD. शहरः SELANGOR
पूर्व स्वीकृत मितिः २०७६/०९/२४ चलानी नं.: ६०१४९८५७ LT. No.: 230548 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chicken Farm Worker | 36 | 0 | स. काममा दक्ष | 1100 | ३०,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा माघ १३ गते (27 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनूहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**साउदीमा वैदेशिक रोजगारको अवसर** | कम्पनीः BASIC WALL COATING FACTORY
शहरः JEDDAH

पूर्व स्वीकृत मितिः २०७६/०९/१८ चलानी नं.: ६०१४९५११ LT. No.: 230302 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३०,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा माघ १३ गते (27 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनूहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनूहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**R.B. RECRUITMENT SERVICES PVT. LTD.**
Chabahil-7, (Opposite of KL Tower), Kathmandu, Phone : +977-01-4495967, +977-01-4468206
+977-01-4484094, Mobile: +977-9851096571, +977-9801095966, +977-9801095967
E-mail: rbrs929@gmail.com., Web.: www.rbrs.com.np
श्रम इजाजत नं. ९२९/०६७/०६८

# ‘एमसीसी’का पक्ष विपक्षमा तर्क



**काठमाडौं/मस–** राष्ट्रियसभाका सांसदहरुले संयुक्त राज्य अमेरिकी सहयोग कार्यक्रम मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी)का पक्ष र विपक्षमा आफ्नो तर्क गरेका छन् । सभाको आइतबारको बैठकको विशेष समयमा सांसद राजकुमार कुँवरले ‘एमसीसी’ संसद्बाट अनुमोदन भएमा यसबाट मुलुकमा बाह्य सैनिक हस्तक्षेप बढ्ने तर्क गरे । एमसीसी परित भएमा यसमार्फत अमेरिकी सेना नेपाल भित्रिने र मुस्ताङमा रहेको युरेनियम कब्जा गरेर बस्ने उनले आशंका व्यक्त गरे ।

सांसद कुँवरले मुलुकभित्रकै स्रोतसाधन परिचानल गर्न सके विकास गर्न बाह्य सहयोगका लागि हात फैलाउनु नपर्ने बताए । साथै उनले वर्तमान कम्युनिष्ट सरकारले द्वन्द्वपीडित घाइते र शहीद परिवारका समस्या शीघ्र सम्बोधन गर्नसमेत माग गरे ।

बैठकमा सांसद कोमल वलीले ‘एमसीसी’का सम्बन्धमा सबै दल र ठूला नेताले विरोध नजनाएको उल्लेख गर्दै यस बारेमा सरकारले जनतालाई यथार्थ बुझाउन नसक्दा भ्रम फैलाउने काम भएको तर्क गरिन् । लामो समयदेखि विभिन्न मापदण्ड पालना गरेपछि मात्रै नेपालले यो सहयोग प्राप्त गर्न लागेको जानकारी गराउँदै उनले यस विषयमा दातृ निकायको दूतावासासमेतले एमसीसी कुनै पनि सैनिक गठबन्धनसँग सम्बन्धित नभएको भनी स्पष्ट पारिसकेको बताइन् ।

सांसद रमेशजङ्ग रायमाझीले लोकतान्त्रिक अधिकार हनन हुने विधेयकलाई पारित गर्दा विवेक प्रयोग गर्नुपर्ने बताए । उनले प्रधानमन्त्रीको कार्यालय सिंहदरबार भए पनि प्रधानमन्त्री बस्ने निवासका रुपमा रहेको बालुवाटारमा नै अहिले सबै सरकारी कामकारवाही हुने र भेटघाट गर्ने गरिएको भन्दै आपत्ति प्रकट गरे । उनले गोकर्ण रिसोर्टको जग्गा यति समूहलाई भाडामा दिएको विषयमा प्रश्न उठाए ।

सांसद प्रमिला कुमारीले मधेश आन्दोलनका शहीदको सम्मान गर्दै आन्दोलनका क्रममा बिना कसुर लगाइएका मुद्दा फिर्ता गर्न सरकारसँग माग गरिन् । डा बिमला राई पौडेलले परिवर्तनको शुरुआत घरबाटै भने भैँ सङ्घीय संसद् सचिवालयभित्र रहेका बेथिति अन्त्य गरी सुधार गर्न जरुरी रहेको बताइन् ।

सांसद मुक्ताकुमारी यादवले तराई क्षेत्रमा प्रशासनकै आडमा अपराध हुने गरेको अरोप लगाउँदै धनुषामा दिलीप भनिने ओपप्रकाश महतो, आफ्ना छोरा लोकेशकुमार यादव तथा कञ्चनपुरमा निर्मला पन्तलगायतको हत्या समेतमा प्रशासनको सहयोग रहेको टिप्पणी गरिन् । केही दिनअघि मात्र अवैधरुपमा क्रसरको कारोवार गर्ने व्यक्तिले पर्यावरणको संरक्षणमा संलग्न रहँदै आएका दिलीपको टिप्परले किचेर हत्या गरेको बताउँदै हत्यारालाई कडा कारवाही र दिलीपलाई पर्यावरणीय शहीद घोषणा गर्न माग गरिन् ।

सांसद चक्रप्रसाद स्नेहीले कोटेश्वर-जडीबुटी सुरुङमार्ग र मनोहरा करिडोरका लागि बर्सेनी बजेट विनियोजन भएको तर काम शुरु नहुने गरेको बताए । साथै उनले यस्ता बजेट विनियोजन हुने र काम शुरु नहुने समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराए ।

सांसद रामनारायण बिडारीले काठमाडौंमा कुनै बेला त्रिपुरेश्वरदेखि रानीपोखरीसम्म रहेको विशाल टुँडिखेल दिनहुँ अतिक्रमण हुँदै गएकामा चिन्ता व्यक्त गरे । उनले टुँडिखेलको केही भाग नेपाली सेना मातहत रहेको र केही भाग ठेकेदारले कब्जा गरेको भन्दै खाली गराउन सरकारको ध्यानाकर्षण गराए । राष्ट्रियसभाको अर्को बैठक सोमबार दिउँसो १:०० बजे बस्नेछ ।

# एकीकरण मार्ग पर्यटनका निम्ति महत्वपूर्ण : उपप्रधानमन्त्री



**काठमाडौं/मस–** उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेलले अवधारणाका रूपमा नेपाली सेनाले अघि सारेको ‘एकीकरण मार्ग कार्यक्रम’ ले मुलुकको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताएका छन् ।

नेपाली सेनाले मुख्यालयमा आयोजना गरेको एकीकरण मार्गसम्बन्धी तीन दिवसीय ‘एकीकरण मार्ग कार्यक्रम बृहत् सेमिनार’ को समापन समारोहमा आइतबार मन्त्री पोखरेलले नेपाल राष्ट्र एकीकरणको सिलसिलामा प्रयोग भएको ऐतिहासिक सम्पदा र धरोहरलाई समेटेर निर्माण गरिने एकीकरण मार्गले सिंगो मुलुक र जनतालाई राष्ट्रिय एकताको भावना जगाउन अभिप्रेरित गर्ने बताए ।

उपप्रधानमन्त्री पोखरेलले सरकारको नीति तथा कार्यक्रममा समाविष्ट एकीकरण मार्गको प्रभावकारी प्रवर्द्धन गर्दै मुलुकको आर्थिक समृद्धिसँग जोड्ने गरी आगामी कार्यक्रम अघि बढाइने उल्लेख गरे । ‘एकीकरण मार्ग प्रशस्त अवसर र दृढ आकांक्षासहितको सम्बोधन गर्न सकिने विषय समाहित एक बहुआयामिक कार्यक्रम हो । राष्ट्रिय सम्पदा संरक्षण र प्रवर्द्धनमा एकजुट भई राष्ट्रिय एकताको भावना जागृत गराउने यो कार्यक्रम विभाजन र विखण्डन गर्न खोज्ने तत्वलाई परास्त पार्ने एउटा दरिलो माध्यम पनि हुनसक्छ,’ उनले भने । एकीकरण मार्ग कार्यक्रमलाई दीर्घकालीन सोच राखेर विकास गर्न सकिएमा बृहत्तर राष्ट्रिय हितमा योगदान पुग्ने उनको भनाइ थियो ।

नेपाल एकीकरणका नायक पृथ्वीनारायण शाहले शुरु गरेको एकीकरण अभियानमा योद्धाहरुले हिँडेको बाटो, बनाएका दरबार, किल्ला तथा गढीलाई एकआपसमा जोडेर राष्ट्रिय एकताको भावना जागृत गर्ने उद्देश्यले नेपाली सेनाले एकीकरण मार्ग बनाउन लागेको हो ।

‘नेपाल भ्रमण वर्ष २०२०’ अभियानलाई लक्षित गरेर नेपाली सेनाले एकीकरण मार्ग निर्माण गर्न लागेको छ । उपप्रधानमन्त्री पोखरेलले नेपाली सेनाले आफ्नो जिम्मेवारीसँगै विकास निर्माण, प्राकृतिक प्रकोपको विपत्तिका बेला उद्धार र सहयोग तथा शान्ति प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्दै एकीकरण मार्गको माध्यमबाट ऐतिहासिक तथा धार्मिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गरे । उपप्रधानमन्त्री पोखरेलले सेमीनारले एकीकरण मार्गको उपादेयता थप प्रष्ट पार्नुका साथै भविष्यका लागि स्पष्ट कार्यदिशा निर्धारण गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा एकीकरण मार्गका संयोजक उपरथी सुवर्णबहादुर शाहले राष्ट्रिय एकतालाई प्रवर्द्धन गर्ने उपयुक्त माध्यम एकीकरण मार्ग कार्यक्रम भएको र यो ऐतिहासिक पर्यटन प्रवर्द्धनमा कोसेढुंगा सावित हुने बताए । कमलामाई नगरपालिका सिन्धुलीका प्रमुख खड्गबहादुर खत्रीले भावनात्मक एकता अभिवृद्धिका साथै पर्यटन प्रवर्द्धनमा एकीकरण मार्गको महत्वपूर्ण भूमिका हुने धारणा राखे ।

महासेनानी कृष्णप्रसाद भण्डारीले बृहत् सेमिनारले एकीकरण मार्गको आगामी कार्यक्रमलाई दिशाबोध गर्न फलदायी भएको बताए । एकीकरणको दौरानमा प्रयोग गरिएका बाटो तथा लडाइँ लडेका गढी एवं किल्ला सबैलाई समेटी उक्त स्थानको व्यवस्थित ढंगबाट सम्वर्द्धन र जर्गेना गर्ने लक्ष्य रहेको छ । संघीय सरकार तथा स्थानीय तहको सहयोग र समन्वयमा नेपाली सेनाले एकीकरण मार्गको अवधारणा अघि बढाएको हो ।

आधुनिक नेपालको एकीकरण अभियानसँग सम्बन्धित ऐतिहासिक सम्पदा र स्थललाई समेटेर ‘एकीकरण मार्ग’ निर्माण गरिने भएको छ । पुर्खाको गौरवपूर्ण इतिहासको महत्व दर्शाउने र सोमार्फत राष्ट्रिय एकताको भावना जागृत गर्ने एवं सर्वसाधारणलाई सम्मिलित गराई विविध गतिविधि सञ्चालन गर्ने उद्देश्यले पदमार्ग निर्माणको अवधारणा ल्याइएको सेनाले जनाएको छ । एकीकरण मार्गको आगामी फागुन अन्तिम साता काभ्रे जिल्लाबाट शुभारम्भ गरिनेछ । क्रमशः सातै प्रदेशका जिल्लामा एकीकरण मार्ग सञ्चालन गरिनेछ ।

## प्रदेश १ मा थपिए चार राज्यमन्त्री

**विराटनगर/मस–** प्रदेश नं १ को मन्त्रिमण्डलमा आइतबार चार जना राज्यमन्त्री थप गरी विस्तार गरिएको छ । प्रदेश प्रमुख सोमनाथ अधिकारी ‘प्यासी’ ले प्रदेश मुख्यमन्त्री शेरधन राईले नेपालको संविधानको धारा १६८ को उपधारा ९ बमोजिम प्रदेशसभा सदस्यहरुलाई राज्यमन्त्री नियुक्त गर्न सिफारिस गर्नु भएअनुसार चार राज्यमन्त्री नियुक्त गरेका हुन् ।

नियुक्त हुने राज्यमन्त्रीमा रामबहादुर मगर भूमि व्यवस्था कृषि तथा सहकारी, अम्बिरबाबु गुरुङ भौतिक पूर्वाधार विकास, जसमाया गजमेर सामाजिक विकास र विजयकुमार विश्वास उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय रहेका छन् ।

मुख्यमन्त्री राईले नवनियुक्त राज्यमन्त्रीलाई प्रदेश प्रमुखको कार्यालयमा आयोजित समारोहबीच पद तथा गोपनीयताको शपथ गराए । नवनियुक्त राज्यमन्त्री मगर इलाम, गुरुङ ओखलढुङ्गा, गजमेर झापा तथा विश्वास मोरङ जिल्लाका छन् ।

## कांग्रेसले बुझायो विरोधपत्र

**काठमाडौं/मस–** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सूचना प्रविधि विधेयकविरुद्ध देशभरका जिल्ला प्रशासन कार्यालयमार्फत् सरकारलाई विरोधपत्र बुझाएको छ । विधेयक सच्याउन माग गर्दै कांग्रेसले आइतबार ७७ वटै जिल्ला प्रशासन कार्यालयमार्फत सरकारलाई विरोधपत्र बुझाएको हो ।

काठमाडौंमा पनि माइतीघर मण्डलामा भेला भएर कांग्रेस नेता कार्यकर्ता जुलससहित जिल्ला प्रशासन कार्यालय पुगेका थिए । गएको पुस १७ गते बसेको कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकले सूचना प्रविधि विधेयक तथा नेपाल विशेष सेवा गठन र संचालनसम्बन्धी विधेयकले संविधानप्रदत्त नागरिक अधिकार हनन हुने निष्कर्ष निकालेको थियो ।

उक्त निर्णय अनुसार नै जिल्ला प्रशासन कार्यालयमार्फत बिरोध पत्र बुझाइएको कांग्रेस सांसद राजेन्द्र केसीले जानकारी दिए । उनले संविधान विरोधी र जनतालाई नकारात्मक असर पर्ने बिधेयकहरु अघि बढाउन नदिने स्पष्ट पारे ।

## नक्कली नोटसहित दुई जना पक्राउ

**काठमाडौं/मस–**महानगरीय प्रहरी वृत्त कालिमाटीबाट खटिएको नेपाल प्रहरीको एक टोलीले नक्कली नोटसहित दुईजनालाई पक्राउ गरेको छ । सो टोलीले काठमाडौं महानगरपालिका-१४ कलंकी चोकबाट रु एक हजार दरका ३१ थान नक्कली नोटसहित बाराका २७ वर्षीय अनुश थापामगर र २२ वर्षीय रवि आलेमगरलाई आज बिहान पक्राउ गरेको हो ।

महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रवक्ता प्रहरी उपरीक्षक श्यामलाल ज्ञवालीले नक्कली नोट झोलामा बोकेर हिँडिरहेको अवस्थामा उनीहरुलाई पक्राउ गरिएको जानकारी दिँदै सो सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको जानकारी दिए ।

## बसको ठक्करबाट एक जनाको मृत्यु

**मकवानपुर/मस–** मकवानपुरको मनहरी गाउँपालिका-७ स्थित बसले ठक्कर दिँदा ४० वर्षीय भीमराज स्याङतानको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक ललनप्रसाद कुर्मीले काठमाडौंबाट वीरगञ्जतर्फ जाँदै गरेको ना ७ ख ३८४४ नम्बरको बसले विपरीत दिशाबाट आउँदै गरेका साइकलयात्री स्याङतानलाई गएराति ठक्कर दिँदा उपचारका क्रममा मृत्यु भएको जानकारी दिए । बस र चालकलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# एमसीसी नेपालका लागि महत्वपूर्ण : सभापति देउवा




**दाङ/मस–** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) नेपालको हितमा रहेको बताएका छन् । प्रेस यूनियनले आइतबार तुलसीपुरमा आयोजना गरेको पत्रकार सम्मेलनलाई सम्वोधन गर्दै उनले एमसीसी अमेरिकाको हालसम्मकै ठूलो सहयोग भएको हुँदा त्यसलाई नेपाल सरकारले फिर्ता जान दिन नहुने बताए ।

नेपालमा लगानी वृद्धि एवम् आर्थिक विकासमा तीव्रता ल्याउने उद्देश्यसहित नेपाल सरकारले अमेरिकासँग गरेको एमसीसी सम्झौता विकासका लागि महत्वपूर्ण रहेको देउवाको दाबी छ । उनले अमेरिकी राजदूतावासले एमसीसी इन्डोप्यासिफिक जस्तो सैन्य गतिविधि सञ्चालन गर्ने रणनीति नभएको स्पष्ट पारिसकेको हुँदा भ्रममा नपर्न आग्रह गरे ।

एमसीसी पारित भए भोलि नेपालले भारतलाई विद्युत बेच्न सजिलो हुने देउवाले विश्वास व्यक्त गरे । उनले बुटवलदेखि दिल्लीसम्म भारतले ट्रान्समिसन लाइन बनाउन सुरु गरिसकेको जानकारी दिँदै त्यो रकमले नेपालको सडक निर्माण तथा विस्तारसमेतमा सहयोग पुग्ने बताए । सभापति देउवाले काम चलाउनका लागि आफूले बुटवललाई पाँच नम्बर प्रदेशको अस्थायी राजधानी बुटवल तोकेको भएपनि सरकारले आवश्यक ठाउँमा सार्न सक्ने बताए ।

सभापति देउवाले कालापानी नेपालको हो भनेर आफुले भन्दा इण्डियालाई भन्दा नेपालका साशकलाई बढी दुखेको बताए । आफुले त्यही कुरा बोल्दा कतिपय पार्टीका मानिसहरु समेत बैठकमा आउन छोडेको समेत उनले आरोप लगाए । उनले अहिलेको सरकारले कुनैपनि त्यस्तो उल्लेखनिय काम गर्न नसकेको दाबी गरे । अहिलेको सरकारले दुइ वर्षमा उल्लेख गर्न लायकका दुईवटा कामपनि गर्न नसकेको देउवाले दाबी गरे ।

सरकारले भ्रष्टचार बढाएको, उपभोक्ता समितिको नाममा लुट भइरहेको, कुनै काम नभएको तथा पैंशा बाँड्ने मात्रै काम भइरहेको आरोप लगाए । उनले काँग्रेस चुप लागेर नबसेको तथा सरकारको गतल कामको जिम्मेवार प्रतिपक्षी भएर सदनवाट विरोध गर्दै आएको बताए । उनले कांग्रेसले सदनको कुर्सी र राजधानीका रेलिङ तोडफोड नगर्ने स्पष्ट पारे ।

तालिमको सुवर्ण अवसर

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori

तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।

HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।
Get your skill for your future carrier



✔ HK
Cleaners/House Keeping/ Laundry man, Room boy
✔ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook
✔ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.
✔ FRONT DESK, RECEPTION

रोजगारी पनि भविष्य पनि
- स्वदेशमै होस कि विदेशमा
- स्वरोजगार वा वैदेशिक रोजगार
- तपाई सीप सिक्नुहोस्
- अवसर र उपाय हामी खोजी दिन्छौं ।

NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu ☎ 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# सिफारिसले उब्जाएको प्रश्न

सशस्त्र द्वन्द्वकालमा भएका मानव अधिकार उल्लङ्घनका गम्भीर घटनाको छानविन गर्न गठित सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानविन आयोगका लागि पदाधिकारी सिफारिस भएका छन् । पूर्व प्रधानन्यायाधीश ओमप्रकाश मिश्र संयोजकत्वको समितिले दुई आयोगका लागि पदाधिकारी सिफारिस गरेको हो । शनिबार बसेको सिफारिस समितिको बैठकले दुवै आयोगमा अध्यक्ष सहित चार-चार जना सदस्यको नामावली टुंगो लगाउँदै कानून, न्याय तथा संसदीय मामिला मन्त्री भानुभक्त ढकाललाई बुझाइएको छ ।

सिफारिस सँगै, झण्डै एक वर्षदेखि रिक्त दुवै आयोगमा पदाधिकारी नियुक्त हुँदैछन् । पूर्व प्रधानन्यायाधीशकै संयोजकत्वको समितिमा राष्ट्रिय मानवअधिकार आयोग, द्वन्द्व पीडितका प्रतिनिधि समेत सामेल भएकाले प्रक्रियाका हिसाबले आशंका गर्नुपर्ने ठाउँ देखिदैन । किनभने, प्रक्रियामा कतै त्रुटि देखिदैन । तर, त्यसभित्र ' ओपन सेक्रेट' का रूपमा गरिएको दलीय भागबण्डाले भने गम्भीर आशंका उत्पन्न गराएको छ । भागबण्डा गरिएको निर्णय सत्तारूढ नेकपा र काँग्रेसकै नेताहरूले आम सञ्चार माध्यमलाई बताएका छन् । तिनै नेताहरूका अनुसार, शनिबार बालुवाटारमा नेकपाका अध्यक्ष द्वय केपी शर्मा ओली र पुष्पकमल दाहालले प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवासँग भागबण्डामा सहमति जुटाएका थिए ।

निष्पक्ष छानबिन गर्ने उद्देश्यले २०७१ मा गठित दुवै आयोगमा राजनीतिक भागबण्डाका आधारमा नियुक्ति गर्ने निर्णय पछि सरोकारवालाहरूले गम्भीर आपत्ति जनाएका छन् । द्वन्द्व पीडित साझा चौतारी नेपालले दलहरूको निर्णयका आधारमा पदाधिकारी नियुक्ति हुनुलाई गम्भीर धोका र षडयन्त्र भएको आरोप लगाएको छ । उसले दलीय भागबण्डाका आधारमा आएका पदाधिकारीले गर्ने छानबिन निष्पक्ष नहुने निष्कर्ष समेत निकालेको छ । अन्य सरोकारवालाहरूको पनि पत्यक्ष/परोक्ष आपत्ति देखिन्छ ।

हुन पनि सशस्त्र द्वन्द्वकालसँग काँग्रेस सभापति देउवा र नेकपाका अध्यक्ष दाहाल दुवै जोडिएका छन् । दाहालले सशस्त्र द्वन्द्वकालमा विद्रोही शक्तिको नेतृत्व गरेका थिए भने देउवा नेतृत्व सरकारले सेना परिचालन गरेको थियो । तसर्थ, दुवै पक्षका जिम्मेवार हरूबीच भागबण्डा गरी आयोगको नेतृत्व टुंग्याउने कार्यप्रति आपत्ति जनाइनु स्वभाविक देखिन्छ । जसले नियुक्ति दियो, उनै विरूद्ध हुने अनुसन्धान पक्कै पनि निष्पक्ष हुन सक्दैन । यदि, निष्पक्ष कामै गरे पनि प्रश्न उठ्न सक्छ ।

# नेताको चयन कसरी गर्ने ?

**हामीले विश्वास गरेका संवाहकहरूबाट हामीलाई प्राप्त उपहार यस्तो छ अहिले ? धेरै परिवर्तन भए । भूगोल परिवर्तन हुने कुरो भएन ।**



■ अच्युतप्रसाद पौडेल 'चिन्तन'

> समाज निर्माण हुँदै आउँदा कर्तव्य-अकर्तव्यको पनि बोध हुँदै आयो । कालान्तरमा समाजमा नैतिक ह्रास हुन थाल्यो । मूल्य र मान्यताविपरीत कामहरू हुन थाले ! दैवी शासनमा देवताहरूले ब्रह्माजीसित नीतिशास्त्र बनाउन आग्रह गरे !

परिवेश राम्रो भए सबै ऋतुमा फूल फुल्छन् । शिशिरको चिसो सहजै पार हुन्छ, वर्षाको भेल सजिलै पाखा लाग्छ, ग्रीष्मको उराठमा वसन्त आउँछ । बस् चाहियो नयाँ बिहानी, नयाँ किरण, नयाँ पालुवा, नयाँ जवानी अनि नयाँ उत्साह, नयाँ परिवेश, नयाँ उमङ्ग ! जहाँ शीतलता छ त्यहाँ शान्ति छ, जहाँ कोमलता त्यहाँ भावुकता पनि ! मन्द मुस्कान, सुगन्धित पवन अनि आकाशमा ढल्कनै लागेका सूर्यले पनि छड्के किरणले नै किन नहोस्, भोलि बिहानको नयाँ आशा लिएर आउने संकेत छोड्न बाध्य हुन्छन् । हरेक नागरिकका कलिला ओठहरूमा मन्द मुस्कान छाउन राज्यको सोच सधैं नवीनतम हुनुपर्छ । देशवासीमा त्यत्तिकै स्वर्गीय आशा फैलिँदैन जबसम्म देशले देशवासीलाई शान्त र आनन्दित बनाउँदैन । हरेक व्यक्ति अभयी, निर्भयी बनून्-राज्यको दायित्व हो यो !

सृष्टिको उषाकालमा राज्य-व्यवस्था थिएन । हालको जस्तो सामाजिक परिवेश थिएन, भनौं समाजको बनोट नै थिएन ! इतिहासको सुदूरपूर्वमा न आजका जस्ता कानुन, न आजका जस्ता जनता नै थिए ! दण्ड सजाय, दण्डाधिकारी केही कोही थिएन । धर्मको आधारमा समग्र परिवेश आफैं परिचालित थियो, भनौं वैदिक परम्परा, ईश्वरीय एक मात्र सत्ता !

बिस्तारै समूह समाज निर्माण हुँदै आयो । समाज निर्माण हुँदै आउँदा कर्तव्य-अकर्तव्यको पनि बोध हुँदै आयो । कालान्तरमा समाजमा नैतिक ह्रास हुन थाल्यो । मूल्य र मान्यताविपरीत कामहरू हुन थाले ! दैवी शासनमा देवताहरूले ब्रह्माजीसित नीतिशास्त्र बनाउन आग्रह गरे ! नीतिले शासन व्यवस्था चल्न लाग्यो ! नीतिले कमाऊ, रीतिले बाँच र प्रीतिले बाँच्न देऊ मूल नारा अघि सर्‍यो । सृष्टिकर्ता ब्रह्माजीको कानुनमा सिर्जना, पालना र संहारको व्यवस्था सुरु भयो- उनको यो स्थायी कानुन अहिले पनि अपरिवर्तनीय नै छ । ब्रह्माजीकै नीतिमा ज्ञान, कर्म र उपासना जोडियो । मानवताको उद्देश्य अभीष्ट धर्म, अर्थ, काम र मोक्ष चयन भयो । जीवन सञ्चालनार्थ कृषि, गोरक्षा र वाणिज्यको परिकल्पना हुँदै आयो । संसारमा मोहको क्षय हुँदै मोक्षको उन्नयन, प्रणयनको दायरा फराकिँदै आउन थाल्यो ।

समाजका साथसाथै राज्यको परिकल्पना र राज्यको कण्टकशोधन (विद्रोही दमन) का लागि नेता, राजा, राज्यका सेना आवश्यक पर्न थाले ! राज्यमा शान्ति स्थापना, शत्रु शोधन, विध्वंसको नियन्त्रण जस्ता बहुआयामिक अवधारणाहरूको विकास हुँदै आयो । सर्वपालक सर्वेश्वर नारायणका मानसपुत्र विरजाको वंशमा वेन नाम गरेको राजाले राज्य गर्‍यो, तर वेनले आमजनतालाई तीव्र शोषण गरेको बुझेर विद्वान्हरूको सभाले वेनलाई पदच्यूत गरिदियो । पदच्यूत मात्रै होइन, उसको दायाँ अंगलाई मथेर ईश्वरीय अर्को अवतार पृथुलाई उत्पन्न गराएर राज सिंहासनमा राखिदियो । उनले संसारको रक्षा गरे । पृथुद्वारा रक्षित धर्तीको नाम नै अब पृथ्वी बन्न पुग्यो । ज्ञानद्रष्टा, तपस्वी, साधक, परमपुजनीय, महनीय दैवी शक्तिले ओतप्रोत ज्ञानी साधकहरू पहिले पनि यसरी पुजिएकै हुन् । पृथ्वीको स्थापनामा उनै सन्त, साधु, महान् आत्माहरूको भूमिका अनिर्वचनीय छ ।

ज्ञानी, सदाचारी, ब्रह्मनिष्ट सत्पुरुषहरूको मार्ग निर्देशनमा पृथ्वीलाई र पृथ्वीवासीलाई सञ्चालनमा राख्ने पृथुको शासनकालमा पृथ्वीको पूरै उद्धार भयो ! कोही भोका, नांगा भएनन्, कतै चोरी-हिंसा भएन, यहाँसम्म कि जरा, बुढ्याँइ, क्रोध, कुण्ठा, ईर्ष्या, वैमनस्यता, आवेग र तनाव, अनिकाल र आधिव्याधि, घटना र दुर्घटना पृथ्वी तलभरिमा कहीं-कतै भएन । राज्य व्यवस्था वैदिक साम्यवादको रह्यो । प्राकृतिक, अप्राकृतिक, सर्प, चोर, डाँका, छिद्रान्वेषण वा कलह कतै रहेन, असतोमा सद्गमय, तमसोमा ज्योतिर्गमय, मृत्युर्मा अमृतं गमय– वेद, उपनिषद् पुराण सबैको सार समाजको वर्ण व्यवस्था, समन्याय, समतामूलक समाज सबै उपकारी भए । लोभी, लालची र पापी त कोही भएन ! संसारमा ।

प्रज्ञाजन आशीर्वाद लिन लायक ! नेतृत्वजन आशीर्वाद दिन लायक । आयु पुर्णायु रोग निरोधक औषधी सेवन गर्नै नपर्ने पछिसम्म पनि भनिदै आयु होस् त द्रोणपुत्रको जस्तो दीर्घायु, श्रेय होस् त युगीन इतिहास बोक्ने दशरथको जस्तो । शत्रु परास्त हुन् त मर्यादापुरुष श्रीरामको जस्तो ! ऐश्वर्य होस् त धनवान् नहुषको जस्तो । विकासको रफ्तार होस् त वायुको वेगजस्तो । दानी होस् त कर्णजस्तो । बलियो होस् त बलवीर बलराम जस्तो । सत्यवादी होस् त राजा युधिष्ठिरजस्तो ।

तर आजको परिवेश नितान्त बेग्लै छ । आजको युग विज्ञानको रे, बिन लादेनको रे, ट्विन टावरको रे, सेप्टेम्बर ११ को रे, नागासाकी अनि हिरोसिमाको रे ! एटमिक इनर्जीको रे, अनि सूक्ष्मयन्त्रको रे, परमाणु अनि एटम बमको रे, सन्त्रासको रे, घट्नै घट्नाको रे दुर्घटना नै दुर्घटनाको रे, अल्बर्ट आइन्सन्टाइनको रे, ग्यालिलियोको रे ! राइट दाजुभाइहरूलाई ट्विन टावरमा गिज्याउने लादेनको रे ! बम र बारुदका धूवाँले मुस्लिएको आकाश ढपक्क छ, आज सन्त्रासै सन्त्रास छ ध्वनि र वायु प्रदूषणले ! अन्तःकरणमा पाइने खुसी बजारमा हाँसिरहेछ । महान् अध्येता महापुरुषहरू विज्ञानबाट थाकेर आध्यात्मिक खोजतर्फ अग्रसर हुन थालेका छन् । अन्तकरणमा खुसी छ । शान्ति आफैंभित्र छ- मृगतृष्णाले बाहिर भौंतारिएको छ । संस्कार आज हराइरहेको ! विकासको नाममा पृथ्वीको काँचुली फेरिएको छ तर धर्तीप्रतिको बर्बरताले धर्तीमाता रोइरहेकी छिन् । जीवनको सारतत्व अथवा उहिलेको महर्षिहरूको भाषा स्थितप्रज्ञ मानिसले बुझेकै छैन ।

आजको समाजले बहादुरी सम्झेको छ । कहालीलाग्दो अनि अनगिन्ति हिंसालाई र प्रतिहिंसालाई बहादुरी बोकेर ! तर के थाहा हिंस्रकहरूलाई जीवनको उत्तरार्द्धमा गएर चरम आत्मग्लानि हुन्छ भनेर ! बलको तुजुक, चरम लापरवाही, ओठे भक्ति, जताततै सन्नाटा आजको राज्य नेतृत्वले लिएको सुशासन र विश्व शान्ति गोहीको आँसु खोइ त आजको संसारमा हामीले कल्पना गरेको शान्ति र समृद्धि ?

हामीले विश्वास गरेका संवाहकहरूबाट हामीलाई प्राप्त उपहार यस्तो छ अहिले ? धेरै परिवर्तन भए । भूगोल परिवर्तन हुने कुरो भएन । सीमा संकुचनमा हाम्रो ध्यान जाँदैन । बाटाघाटा ठूला भए । गाउँबस्तीमा डोजर दौडाएर भए नभएको पैसा रोपेर बाढी-पहिरोको समस्या थपियो, प्राकृतिक डाँडा, पाखा पखेरीहरूमा डोजरहरू गुडे, गाउँका मान्छे खाडीतिर भास्सिए, अन्नपातमा कमी भयो । मोटा चामल खान छोड्यौं, विदेशी मसिना चामलमा मन गयो, धन पनि गयो, बारीका पाटामा मकैका घोगा देखिन छोडे । कोदो, बोडी, भटमास देखिन छोड्यो, गाउँको बाटो साँघुरो भए पनि मेला पर्म, साग, घाँसपात, वन, बुटेन, काँक्रा, फर्सी, भारो पर्म, तल्ला घरे, माथिल्लो घरे, आगो-पानी साटासाट, ऐँचोपैचो, गहुँका रोटी, गाईवस्तु गोठ, गोबर, गहुँत के-के हो, के-के, सबै प्रांगारिक सबै अर्गानिक थिए ! जातपातको केही समस्या थिएन ! एउटा गाउँमा सबैथरी बस्थे । एकलाई अर्काको खाँचो पर्थ्यो, सबैले सबैको सम्मान र स्याबासी गर्थे । अहिले जस्तो पानी बाराबारको स्थिति थिएन । राज्य, समाज सबै मिलेर फेरि एकपटक हामीले सोचेजस्तो असल समाज निर्माणतर्फ अग्रसर हुने हो कि !

## सामाजिक सञ्जाल



इच्छा नभएपनि यता-उता सबैतिर यो एकसीसीबारे पक्ष-विपक्षका अनेक कुरा सुन्नु परेको छ। यसै मेसोमा 'चियाको कपमा तुफान' कस्तो हुन्छ भन्ने बुझ्दैछु ।

- विवेक



नेपाल प्रहरीले गायिका आस्था राउत को एअरपोर्टको भिडियोलाई भाइरल गरी दिएकोमा गायिका आस्था राउतले चर्चा पनि बटुल्न सफलता पाएकोमा खुशी नै हुनु पर्छ भन्ने लागि राख्या छ ।

- विनोद आचार्य



सुशील कोइरालाले २५ हजारमाथिको सरकारी बिल सार्वजनिक गर्ने निर्णय गर्नुभएको थियो, सरकारले खारेज गरिदिएछ । प्रधानमन्त्री सार्वजनिक कार्यक्रममा भ्रष्टाचारीको अनुहारै नहेर्ने भन्नुहुन्छ, एकपछि अर्को नीतिगत अनियमिततालाई प्रश्रय दिने निर्णय भइरहेका छन् । कथनी र करनीको यस्तो बेमेल किन ?

- प्रदीप पौडेल



गुट-उपुगटको स्वार्थका कारण नेकपाले संसदलाई बन्धक बनायो । संसद बन्धक बनाउनेहरूलाई नोभोट भनौ । संसदलाई बन्दी बनाउने राजनीतिक दलले कसरी आफूलाई लोकतान्तित्रक भन्दो हो ?

- सागर चन्द



कसैलाई धक्का नलगाइकन पनि अगाडी बढ्न सकिन्छ । अरूलाई बाधा पुऱ्याउने मान्छे कहिल्यै अगाडी पुग्न सक्दैन ।

- इन्दिरा पन्त

# नेपाली शरणार्थी समस्या र समाधान

**हामीले हाम्रा युवापुस्तालाई विदेश पठाउने र तिनीहरूबाट रेमिट्यान्स भित्र्याउनेबारेमा मात्र बढी सोचिरहेको अवस्था छ ।**



**सुरेश गिरी**

भुटानसँग शरणार्थी फिर्तीका लागि पहल गर्दागर्दै सबै भुटानी दाजुभाइ भुटान फर्कनुभन्दा तेस्रो देशमा आफ्नो भविष्यलाई उज्ज्वल बनाउन लागिरहेका छन् । पछिल्लो पटक सम्पन एनआरएनएको सम्मेलनमा विभिन्न देशबाट आएका प्रतिनिधिसँगको कुराकानीमा पनि लगभग सबैजसो नेपालीको उपस्थिति भएको देशमा बिनाभिसा नेपालीहरूको राम्रै जमात रहेको कुरा थाहा भएको थियो । आउने प्रतिनिधिमध्ये कति त गर्वका साथ मैले यति वर्षमा रेसिडेन्ट कार्ड पाएँ, खासै खर्च भएन, कार्ड लिने यसरी हो भनेर अरूलाई सुनाउँदै थिए । आजको दिनसम्म के-कति नेपाली विदेशमा कस्तो हैसियतमा बसिरहेका छन् भन्ने डेटा कहीं कतै रहेको पाइँदैन । नेपाल सरकारले पनि वैदेशिक रोजगारीमा जाने नेपालीहरूको मात्र रेकेर्ड राखेको देखिन्छ । पर्यटक भिसामा जाने नेपालीका बारेमा कति कुन देशमा गए र कति फर्केर आए भन्ने रेकर्ड कहीँकतै देखिँदैन । अझ भारत हुँदै जानेको बारेमा त हामी अनभिज्ञ नै छौं । हामीले अनुमान गरेअनुसार नेपाल छाडेर बिदेसिने नेपालीको संख्या अन्दाजी ७० लाखभन्दा बढी हुनुपर्छ । हरेक वर्ष अन्दाजको भरमा थप्ने काम मात्र भइरहेको छ ।

आजसम्म विदेशमा के-कति नेपाली के-कस्तो हैसियतमा बसिरहेका छन् भन्ने कहींकतै नरहेकाले विदेश बस्ने नेपालीको भिसाको हैसियतबारेमा सरकारी निकाय मौन मात्र होइन, अनभिज्ञ रहेको छ । हाम्रो देशको अर्थतन्त्रमा सबैभन्दा ठूलो योगदान दिने रेमिट्यान्स गलत बाटोबाट पठाउने सबैभन्दा ठूलो नेपाली शरणार्थीको जमात हो भन्ने मानिन्छ । उनीहरू के-कसरी विदेशी भूमिमा बसिरहेका छन् र तिनीहरूका के-कस्ता समस्या छन् भनेर कहीँकतैबाट खोजी भएको पाइँदैन । सँगसँगै यसरी बिनाभिसा र बिनाहैसियत बस्ने नेपालीले सम्बन्धित देशमा पाउने तलब, सेवा र सुविधामा पनि भेदभाव भइरहेको छ, जसले गर्दा कति देशहरूमा नेपाली श्रमिकले आफ्नो श्रमको उचित मूल्य नपाएको अवस्था रहेको छ । यसले गर्दा श्रमिकहरूलाई मात्र होइन, राष्ट्रले नै घाटा बेहोर्नुपरिरहेको छ । हामीले रेमिट्यान्सलाई नै राष्ट्रको ठूलो आम्दानीको स्रोतका रूपमा राखिराख्ने हो भने यो समस्या समाधानको छिटै पहल गर्नु जरुरी छ । यहाँ मैले उठाउन खोजेको विषय के यसरी बस्ने नेपालीका कारण नेपाल र नेपालीको छविमा पार्ने नकारात्मक असरका विषयमा सोच्ने बेला आएको हो त ? के र किन नेपाली शरणार्थीको संख्या बढिरहेको छ ? यो विषयमा कुन निकायले कसरी कस्तो कदम चाल्नुपर्ने हो, त्यो विषयमा गम्भीर भएर सोच्नुपर्ने बेला आएको छ । एनआरएनले पनि पछिल्लो समय नेपाली शरणार्थीहरूलाई सम्बन्धित देशको भोट बैंकका रूपमा मात्र प्रयोग गर्ने गरेको छ । यिनीहरू नेपाल आउन नसक्ने हुनाले यिनीहरूलाई एनआरएनको कुनै पनि कार्यसमितिमा समेटन नसकिने हुनाले यिनीहरूको आवाज कहिले पनि एनआरएनको माथिल्लो निकायसम्म पुग्न नसकेको अवस्था रहेको छ ।

पछिल्लो समय नेपाली शरणार्थीका कारणले गर्दा विभिन्न देशले नेपाल र नेपालीहरूलाई हेर्ने दृष्टिकोणमा पनि परिवर्तन आइरहेको छ । म आफू नै जापानमा बस्ने र जापानीहरूले नेपाल र नेपालीलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आइरहेको छ । अहिले जापानमा शरणार्थी भिसा आवेदन दिने नेपालीको संख्या दोस्रो नम्बरमा रहेको छ, जसका कारणले जापान सरकारले नेपालीलाई भिसा दिने, त्यहाँ बसिरहेका नेपालीको भिसा थप्ने प्रक्रियामा कडाइ गरिरहेको छ । साथै, बेलाबेलामा अध्यागमनले फर्काउने काम पनि गरिरहेको छ । सबैभन्दा ठूलो समस्या जापानीहरूले नेपाल र नेपालीलाई हेर्ने दृष्टिकोणमै परिवर्तन आएको छ । सगरमाथा र बुद्धको देशका मान्छे भनेर सम्मान गर्ने जापीनहरूले नेपाल र नेपालीलाई हेर्ने दृष्टिकोणमा आएको परिवर्तनले अवश्य पनि नेपाल र जापानबीचको कूटनीतिक सम्बन्धमा पनि बिस्तारै असर पार्ने देखिन्छ । साथै, जापानमा राम्रो हैसियतमा बसिरहेका नेपालीहरूलाई पनि असर गर्ने देखिन्छ ।

जापान त यौटा उदाहरण मात्र हो । त्योभन्दा बढी शरणार्थीका रूपमा युरोप र अमेरिकामा नेपालीहरू रहेको कुरा सुन्नमा आउँछ । अमेरिका र युरोपमा त के-कति नेपाली छन् भन्ने कहीँकतै केही रेकर्ड नभएको अवस्था छ । हामीसँग कुन भिसामा कति जना युरोप र अमेरिका गए भन्ने रेकर्ड कहीँकतै रहेको देखिँदैन । हामीकहाँ हाम्रो आफ्नै विमानस्थल प्रयोग नगरी भारतको चोरबाटो गरी बिदेसिनेको संख्याका बारेमा अझै के-कति बिदेसिए भन्ने कुरामा बहस हुन बाँकी नै छ । हामीले हाम्रा युवापुस्तालाई विदेश पठाउने र तिनीहरूबाट रेमिट्यान्स भित्र्याउनेबारेमा मात्र बढी सोचिरहेको अवस्था छ । हामी देशको नीति निर्माण गर्दा नै रेमिट्यान्सलाई मुख्य आम्दानीका रूपमा लिन्छौं, तर त्यो रेमिट्यान्स पठाउनेहरू के-कसरी कस्तो हैसितमा बसिरहेका छन् भन्नेबारेमा राज्यले नै गम्भीर भएर सोचेको देखिँदैन । कुन निकायले सोच्ने हो, त्यो विषयमा गम्भीर भएर निकाय तोक्नु जरुरी छ । यो विषयमा गम्भीर भएर नसोच्ने हो भने यो समस्याले भोलि धेरै देशले नेपाललाई हेर्ने दृष्टिकोणमा मात्रै होइन, कूटनीतिक सम्बन्धमा समेत असर पर्ने देखिन्छ । हालै सम्पन्न प्रतिनिधि र प्रदेशसभाको चुनावपछि हामीले आशा गरेअनुरूप विकासको सम्भावना देखियो भने हामी नेपालीलाई विदेश जाने बाध्यता हट्नेछ र हाम्रो हैसियतमा पनि परिवर्तन आउला । हेर्दा सामान्य लागे पनि यो विषय गम्भीर र चुनौतीपूर्ण रहेको छ । यो समस्यासँगै बढ्दै गरेका बिनाभिसा बस्ने नेपालीहरूले रेमिट्यान्सबाट पठाउनुपर्ने रकम अवैधानिक तरिकाले पठाउँदा पनि सरकारले ठूलो नोक्सानी बेहोर्नुपरिरहेको छ । साथै, विदेशमा गएर दुःख गरेर कमाएको पैसा हुन्डीबाट पठाउँदा धेरै नेपाली ठगिइरहेको अवस्था पनि छ । यो समस्याको समाधानका लागि सबैभन्दा ठूलो चुनौती भनेको टुरिस्ट भिसामा जाने नेपालीहरूको डाटा राख्नुपर्छ ।

कोको कुन देशमा गए अनि तिनीहरू फर्के कि फर्केनन् भन्ने रेकर्ड राख्नुपर्छ । साथै, हामीले टुरिस्ट भिसामा विदेश जाने र लानेहरूलाई जाँदा र लग्दा हुने बेफाइदा र दुई देशबीचको सम्बन्धमा पर्ने असरका बारेमा बुझाउनुपर्ने देखिन्छ । हामी नेपालीहरूको सधैं हाम्रो पासपोर्टको कलरलाई गाली गरिरहन्छौं । हाम्रो जस्तो हरियो पासपोर्ट दिने धेरै देश छन्, जो सम्मानका साथ विभिन्न देशमा निर्धक्कसँग घुमफिर गरिरहेका छन् । तर, हामीकहाँ अग्रज र बिनाभिसा बसेका नेपालीका कारण थाइल्यान्ड जान खोज्दा पनि जाने-आउने खर्च र ६ महिनाको बैंक स्टेटमेन्ट देखाउनुपर्छ, जबकि थाइल्याडको सबैभन्दा ठूलो आम्दानीको स्रोत नै विदेशी पर्यटक हुन् । अब यो विषयमा एनआरएनए र नेपाल सरकारबीच कुनै संयन्त्र बनाई विदेशमा के-कति नेपालीहरू कुन हैसियतमा बसिरहेका छन् त्यसको विस्तृत अध्ययन गरी यो समस्यालाई समाधानको बाटोमा लानु जरुरी छ । हामी सधैं पासपोर्टको कलर र भिसा नदिने राजदूतावासलाई गाली गर्ने गर्छौं । तपाईं-हामी भिजिट भिसामा विदेश गएर बस्नेहरूले दलालका मीठा-मीठा कुरामा फसेर विदेशमा गएर दुःख पाउने कि नपाउने भनेर सोच्ने बेला आएको छ ।

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article .madhyanhadaily@gmail .com

### आर्थिक सूचांक करेक्सन
# शोधानान्तर बचत घट्यो, रेमिट्यान्स बढ्यो

**बीपी भट्टराई, मध्यान्ह**
काठमाडौं, ५ माघ

चालु आर्थिक वर्षको पहिलो महिनादेखि गत वर्षको भन्दा केही भिन्न देखिएका आर्थिक सूचांकहरु पाँचौ महिना भने करेक्सन भएको छ। अधिकांश सूचांकहरु सकरात्मक रहेपनि पाँचौ महिना अर्थात मंसिरमा भएको आर्थिक क्रियाकलपाले असर गरेको देखिएको छ । नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको पाँच महिनाको आर्थिक तथा वित्तीय विवरणअनुसार शोधानान्तर बचतमा देखिएको छ, आयात घटेको छ, निर्यात बढेको छ, विप्रेषण र वैदेशिक लगानी पनि बढेको छ भने घटाउने प्रयत्न गरिएको मूल्य वृद्धिदर भने बढेको छ ।



**शोधानान्तर बचत घट्यो**

मंसिर महिनाको मात्रै तथ्यांक हेर्ने हो भने नकरात्मक रहेको शोधानान्तर चौथो महिनासम्मको तुलनामा बचत घटेको छ । चालु आर्थिक वर्षको पहिलो महिनादेखि नाफामा देखिएकोमा शोधानान्तर पाँचौ महिनामा कमी आएको हो। पहिलो चौमासिकसम्म २७ अर्ब २९ करोड रुपैयाँ नाफामा रहेकोमा पाँच महिनामा भने २३ अर्ब ३० करोड नाफामा देखिएको छ ।

अघिल्लो महिनाको तुलनामा यो करिब चार अर्ब रुपैयाँले कमी हो । गत वर्ष भने यही समयमा भने करिब एक खर्ब बराबरको घाटामा रहेको थियो। गत वर्ष पाँच महिनामा ८५ अर्ब ३२ करोड रुपैयाँ घाटामा थियो ।

आयात व्यापार बढेपछि मंसिर महिनामा महिना शोधानान्तर बचत घटेको हो। पहिलो महिना पाँच अर्ब नाफामा देखिएकोमा दोस्रो महिना आठ अर्ब नाफामा पुगेको थियो । तेस्रो महिना थप ६ अर्ब थपिएर १४ अर्ब पुगेकोमा चौथो महिनामा १३ अर्ब रुपैयाँ थपिएर २७ अर्ब पुगे पनि पाँच महिनाा भने चार अर्ब रुपयाँ घटेर २३ अर्ब कार्यम भएको हो ।

पाँच महिनासम्ममा आयात व्यापार गत वर्षको तुलनामा ४.२ प्रतिशतले कमी छ भने निर्यात व्यापार २७ प्रतिशतले बढी छ । विदेशी विनिमयको सञ्चिती बढेर ८.३ महिनालाई पुग्ने भएको छ । अहिलेसम्म १० खर्ब ८८ अर्बको यस्तो सञ्चिती रहेको छ ।

**विप्रेषण बढ्यो**

पाँच महिनामा आइपुग्दा विप्रेषण भने बढेको छ । मंसिर महिनामा मात्रै करिब ७२ अर्ब रुपैयाँको विप्रषेण आप्रवाहा भएको छ। जसको प्रभाव विप्रेषेणमा सुधार देखिएको हो। पहिलो पाँच महिनामा अवधिमा तीन खर्ब ७६ अर्ब रुपैयाँको विप्रेषण आप्रवाह भएको छ ।

चालु आर्थिक वर्षको दोस्रो महिनादेखि लगातार घटेको रेमिट्यान्स पाँचौ महिनामा गत वर्षको तुलनामा केही बढेको हो। अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा रेमिट्यान्स ०.१ प्रतिशतले बढी हो। वृद्धिदरका हिसाबले भने न्यून छ। आर्थिक वर्ष २०७५र७६ मा रेमिट्यान्स ३१.९ प्रतिशतले बढेको थियो ।

चालु आर्थिक वर्षको चौथो महिना अर्थात् कात्तिक मसान्तसम्म अघिल्लो वर्षको यसै अवधिको तुलनामा २.३ प्रतिशतले कमी आएर तीन खर्ब ४ अर्ब ९७ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको थियो । तेस्रो महिनामा पनि ४.९ प्रतिशतले घटेर २ खर्ब ३० अर्ब २४ करोड रुपैयाँ भित्रिएको थियो ।

चालु आर्थिक वर्षको दोस्रो महिनामा पनि रेमिट्यान्स आप्रवाह ०.३ प्रतिशतले गिरावट आएर १ खर्ब ५३ अर्ब ७३ करोड रुपैयाँमात्रै भित्रिएको थियो ।

वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या भने ११.८ प्रतिशतले बढेको छ । यस अवधिमा अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत (नयाँ र वैधानिकीकरण) का आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या ११.८ प्रतिशतले बढेको छ ।

**बढ्यो मूल्यवृद्धिदर**

पाँचौ महिनामा उपभोक्ता मुद्रास्फीति ६.५५ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ३.७१ प्रतिशत रहेको थियो । समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ९.७६ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ४.१० प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ। खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत तरकारी, मसला, फलफुल र दाल तथा गेडागुडी उपसमूहको मूल्य वृद्धि उच्च रहेको छ । गैर-खाद्य तथा सेवा समूह अन्तर्गत शिक्षा, लुगा तथा जुत्ता र फर्निसिङ तथा घरायसी उपकरणहरु उपसमूहको मूल्य बढेको छ ।

काठमाडौं उपत्यकामा ७.६० प्रतिशत, तराईमा ६.६६ प्रतिशत, पहाडमा ५.२७ प्रतिशत र हिमालमा ४.८३ प्रतिशत मुद्रास्फीति रहेको छ । २०७५ मंसिरमा यी क्षेत्रहरुमा क्रमशः ३.६८ प्रतिशत, ३.६५ प्रतिशत, ३.८४ प्रतिशत र ४.०५ प्रतिशत मुद्रास्फीति रहेको थियो ।

# तमोर आयोजना अघि बढाउन पावर चाइनासँग समझदारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ माघ



तमोर जलाशयुक्त आयोजना अगाडि बढाउने विषयमा लगानी बोर्ड र चिनियाँ कम्पनी पावर चाइनाबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ। ७६२ मेगावाटको जलाशययुक्त आयोजना निर्माणका लागि तत्काल सम्भाव्यता अध्ययन सुरु गरी २ वर्षभित्र निर्माणको चरणमा पुऱ्याउने गरी आइतबार समझदारीपत्र लेनदेन (एमओयू) भएको हो ।

समझदारीपत्रमा बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) महाप्रसाद अधिकारी र पावर चाइना युरो एसियाका उपाध्यक्ष पान डेन्युले एमओयूमा हस्ताक्षर गरेका छन् ।

तमोर बनाउन पौने २ खर्ब रुपैयाँ लाग्ने अनुमान गरिएको छ । आयोजना बनाउन नेपालमा बेग्लै कम्पनी स्थापना हुने छ । तमोरमा न्यूनतम २६ प्रतिशत नेपाली लगानी सुनिश्चित गरिएको छ ।

पावर चाइना र एचआईडीसीएलले प्रतिस्पर्धाबाट तमोर पाएका थिए । तमोर आयोजनाको ऋण व्यवस्थापन तथा अन्य काम पावर चाइनाले गर्ने छ । सार्वजनिक निजी साझेदारी (पिपिपी) खाकामा यो आयोजना निर्माण प्रस्ताव गरिएको हो ।

चिनियाँ राष्ट्रपति सी चिनफिङ नेपाल भ्रमणका क्रममा असोज २६ गते तमोर आयोजना संयुक्त लगानीमा बनाउन पावर चाइनार नेपालको एचआईडीसीएलबीच समझदारी भइसकेको छ ।

गत चैत १५ र १६ गते सम्पन्न लगानी सम्मेलनमा ऊर्जामा सोही आयोजनाका लागि दुईवटा प्रस्ताव प्रस्तुत भएका थिए ।गत साउन १६ गतेको बोर्ड बैठकले एचआइडीसीएल, पावर चाइना संयुक्त र कतारको नेब्रस पावर तथा जापानको फुजी इलेक्ट्रिकलाई छनोट गरी प्रस्ताव माग गरिएको थियो ।

# काठमाडौंमा महिला उद्यमी सम्मेलन गरिने

**काठमाडौं/मस–** नेपाली युवा उद्यमी फोरमले छैठौं महिला उद्यमी सम्मेलन २०२० काठमाडौंमा गर्ने भएको छ । माघ १२ गते काठमाडौंमो ऱ्याडिसन होटमाल होटलमा उक्त सम्मेलन थालिएको सामेबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

कार्यक्रम 'कनेक्ट, कोलाबोरेट र क्रियट' भन्ने नाराका साथ आयोजना गरिदैंछ । कार्यक्रममा विभिन्न विज्ञहरुको सम्बोधन, प्रेरक वक्ताहरुको प्रस्तुति, प्यानल छलफल लगायत विभिन्न कार्यशालाहरुको पनि आयोजना गरिने आयोजकले जानकारी दिएको छ । एकदिने यस सम्मेलनमा महिला उद्यमशिलताका विषयमा र उनिहरुले भोगेका चुनौती र अवसरहरुको बारेमा विभिन्न सत्रहरुमा छलफल गरिनेछ ।



कार्यक्रममा, उद्यमी, श्रमिक महिला, व्यावसायीहरु लगायत विभिन्न विज्ञहरु र विद्यार्थीहरुको उपस्थिति रहने छ। कार्यक्रमको प्रमुख प्रायोजन लक्ष्मी बैंकले गरेको छ ।

# गुल्मीमा ग्लोबल राजश्व संकलन काउण्टर

**काठमाडौं/मस–** ग्लोबल आइएमई बैंक लिमिटेडले जिल्ला प्रशासन कार्यालय, तम्घास, गुल्मी परिसरमा नयाँ एक्सटेन्सन एव्म राजश्व संकलन काउण्टर सञ्चालनमा ल्याएको छ । बैंकको काउण्टरको जिल्ला प्रशासन कार्यालय गुल्मीका प्रमुख जिल्ला अधिकारी कोसहरि निरौलाले उद्घाटन गरे ।

सेवाग्राहीको बढ्दो चाप र स्थानियबासीको बिस्तारित बैंकिङ्ग सेवाको आवश्कतालाई मध्यनजर गर्दै बैंकले सम्पूर्ण बैंकिङ्ग सेवा प्रदान गर्ने गरी उक्त एक्सटेन्सन तथा राजश्व संकलन काउण्टर सञ्चालनमा ल्याएको जनाएको छ ।



# 'सनफ्लो सनफ्लावर' विजेताहरुको नाम घोषणा

**काठमाडौं/मस** सनफ्लो सनफ्लावर तेल 'सनफ्लोमापकाऔं मीठो परिकार, साथमापाऔं हिराको हार उपहार' योजनाअन्तर्गत चौथो लक्की ड्र कार्यक्रमअन्तर्गत हिराको हार र हिराकाअन्यउपहार विजेताहरुको नाम घोषणा गरिएको छ । चौथो लक्की ड्र अन्तर्गत खिमबहादुर बिकले हिराको नेकलेस जितेका छन् । त्यसैगरी पेप्सीकोलानिवासी सौरभ श्रेष्ठ र विराटनगर निवासीनम्रता राईले हिराको लकेट जितेका छन् । बसुन्धारा निवासीजुनु श्रेष्ठ र पाल्पानिवासी केश मायापुनले हिराको टप जितेका छन् । विजेताहरुको नामइमेज च्यानलमाप्रत्यक्ष प्रसारण गरी घोषणा गरिएको थियो ।

के.एल. दुगड समूहअन्तर्गतको स्वस्तिकआयल इन्डष्ट्रिज प्रा.लि.ले आफ्नो उत्पादन सनफ्लो सनफ्लावर तेलमाआकर्षक हिराको हार र हिराको सेट जित्ने उत्साहजनकअफर सञ्चालनमाल्याएको छ । यो योजना २३ अक्टुबर २०१९ देखि शुरु भई सीमितअवधिकालागिमात्रलागु रहने कम्पनीले जनाएको छ ।

यो योजनामा सहभागीहुनउपभोक्ताहरुले आधा लिटर वा १ लिटरको सनफ्लो सनफ्लावर तेलको प्याकेट खरिद गर्नुपर्नेछ र प्याकेटमा भएको १० अंकको नम्बर टाइप गरी ३१००८ माएसएमएस पठाउनु पर्नेछ। लक्की ड्र मार्फत १ जनाविजेताले हिराको हार, २ जनाविजेताले हिराको टप र २ जनाविजेताले हिराको लकेट जित्न सक्नेछन् । एकजनाभाग्यशालीविजेताले बम्पर लक्की ड्र मार्फत योजनाको अन्तिममा हिराको नेकलेस सेट जित्न सक्नेछन् ।

# सानिमा बैंक र ग्रान्डी अस्पतालबीच सम्झौता

**काठमाडौं/मस–** सानिमा बैंक लिमिटेड र ग्रान्डी अन्तर्राष्ट्रिय अस्पताल लिमिटेडबीच बैंकका ग्राहकहरुलाई स्वास्थ्य उपचारमा छुट प्रदान गर्ने सम्झौता भएको छ ।

उक्त सम्झौता बमोजिम सानिमा बैंकको डेबिट वा क्रेडिट कार्ड प्रयोगकर्ताले ग्रान्डी अन्तर्राष्ट्रिय अस्पताल साझेदार रहेका नेपालका विभिन्न अस्पतालहरुमा उपचारको क्रममा सहज रुपमा भुक्तानीका साथै अस्पतालका विभिन्न सेवा सुविधाहरुमा ७.५ प्रतिशततसम्म छुट प्राप्त गर्न सक्नेछन् ।

उक्त सम्झौतापत्रमा सानिमा बैंकको तर्फबाट प्रमुख निक्षेप अधिकृत बबि सिंह गड्तौला र ग्रान्डी अन्तर्राष्ट्रिय अस्पतालका तर्फबाट प्रमुख मार्केटिङ् अधिकृत दिनेश पौडेलले हस्ताक्षर गरे ।

# कृषि विकास बैंकका शेयरधनीहरुलाई ३० प्रतिशतको मुनाफा

**काठमाडौं/मस–** कृषि विकास बैंकले सेयरधनीहरुलाई ३० प्रतिशतको मुनाफा वितरण गरेको जनाएको छ । बैंकले आइतबार पत्रकार सम्मेलन गरी ३० प्रतिशत मुनाफा वितरण गरेको जानकारी गराएको हो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) अनिलकुमार उपाध्यायले जानकारी गराए। ५३ वर्षको यात्रामा कृषि विकास बैंक एउटा सबल र सक्षम बैंकको रुपमा स्थापित भएको उनको भनाई छ । उपाध्यायले कृषि विकास बैंकको पाँच दशक लामो इतिहासलाई ' इन्जिन अफ रुरल ट्रान्सफरमेसन'को रुपमा हेर्न सकिने बताए। उपाध्यायले ग्रामीण तथा कृषि क्षेत्रको विकासको लागि सरल र सुलभ कृषि कर्जामा आफूहरु केन्द्रित रहेको पनि बताए।

बैंकले साना किसान विकास आयोजनामार्फत सामूहिक प्रणालीमा आबद्ध हुने, शैक्षिक एवं स्वास्थ्य कार्यक्रम, बचत परिचालन र सामूहिक जमानीमा कर्जा कारोबार गर्दै उक्त आयोजना समूहलाई नै सञ्चालन गर्ने क्षमता अभिवृद्धि गर्दै सहकारीमा रुपान्तरण गरी सुदृढ बनाउने प्रयास गर्दै आएको जनाएको छ ।

बैंकले २०४१ सालमा नेपालमा पहिलोपटक कम्प्युटरयुक्त बैंकिङ, सीमित सेवा (निक्षेप कारोबार, कर्जा तथा जमानत, फ्याक्स कारोबार) सहितको बैंकको रुपमा स्थापित भई बैंकको शाखा सञ्जाल र साना किसान विकास आयोजनामार्फत कृषि तथा कृषि क्षेत्रसँग आबद्ध क्षेत्र मूल्य शृंखलामा लगानी गर्दै आएको छ ।

बैंक समस्याग्रस्त हुँदै गएपछि २०६२/०६३ मा एसियाली विकास बैंकको प्राविधिक सहयोगमा 'बैंक तथा वित्तीय क्षेत्र सुधार कार्यक्रम'अन्तर्गत सुधार अघि बढाइएको कृषि विकास बैंक अहिले भने सफल र व्यावसायिक बैंकको रुपमा स्थापित भएको छ । बैंकका सीईओ उपाध्यायले अब यस बैंकलाई समग्र बैंकिङ क्षेत्रकै अग्रणी बैंकको रुपमा स्थापित गर्ने प्रतिबद्धतासमेत जनाए। सरकारको ५१ प्रतिशत र सर्वसाधारणको ४९ प्रतिशतको सेयर रहेको यस बैंकमा अधिकांश कृषकहरु सेयरधनी छन्।

सीईओ उपाध्यायले सरकारको 'सबै नेपालीको बचत खाता, खोलौं बैंक खाता'अन्तर्गत ५२ हजारभन्दा बढी जनताको खाता खोल्न सफल भएको बताए । आफूहरुले खराब कर्जालाई नियन्त्रण गर्दै गुणस्तरीय सेवाका माध्यमबाट बढीभन्दा बढी ग्रामीण क्षेत्रमा आफ्नो बैंकिङ, कारोबारलाई प्रविधिमैत्री एवं डिजिटल पद्धतिमा जोड दिने नीति लिएको बताउँदै उनले यस वर्ष निर्धारित समयमै आफ्नो १३औं साधारणसभा सम्पन्न गरी ३० प्रतिशतको उत्साहजनक लाभांश उपलब्ध गराउन सफल भएको बताए ।

बैंकको निक्षेप गत वर्ष पुससम्मको तुलनामा यो वर्ष सोही अवधिमा १५ दशमलव ४४ प्रतिशत बढेर एक खर्ब २७ अर्ब पुगेको छ भने कर्जा १० दशमलव २३ प्रतिशत बढेर एक खर्ब १७ अर्ब पुगेको छ ।

बैंकले नेपाल भ्रमण वर्ष २०२० लाई लक्षित गरी करिब एक हजार होमस्टे आबद्ध भएको होमस्टे एसोसिएसनसँग सम्झौता गरी उक्त क्षेत्रमा सरल होमस्टे कर्जा प्रवाह गर्ने कार्यक्रम बनाएको छ ।

# सिद्धार्थ बैंकले गऱ्यो निशुल्क क्यान्सर परीक्षण

**काठमाडौं /मस–** सिद्धार्थ बैंकले शनिबार निःशूल्क क्यान्सर परीक्षण शिविर संचालन गरेको छ। काठमाडौंको ज्याठामा अन्नपुर्ण मिसाःपुचः र नेपाल क्यान्सर केयर फाउण्डेसनसँगको सहकार्यमा बैंकले पाठेघरको मुखको क्यान्सर परीक्षण शिविर संचालन गरेको हो । उक्त शिविरमा ९४ जना महिलाको पाठेघर परीक्षण गरिएको थियो। बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत यस्ता कार्यक्रम गर्दै आएको छ । बैंकले देशभर १८० वटा शाखा(९४ एक्स्टेन्सन् काउन्टर सहित), १०१ शाखा रहित बैंकिङ्ग सेवा, २०० र १,६०० भन्दा बढी पिओएस मेसिन मार्फत् बैंकिङ सेवा दिदैं आएको छ।


















प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**